का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३३४
- १३ माघ २०७८, बिहीबार
- 27 January 2022, Thursday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

जनगणना–२०७८

# नेपालको जनसंख्या

नेपालको जनसंख्या बितेको दश वर्षमा ०.९३ प्रतिशतले बढेको छ । तर बृद्धिदर भने घटेको छ । जनगणना-२०६८ मा नेपालको जनसंख्या बृद्धिदर १.३५ प्रतिशत थियो ।

| महिला | पुरुष | तराई | पहाड | हिमाल | शहरी जनसंख्या | ग्रामिण जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ करोड ४९ लाख १ हजार १६९ | १ करोड ४२ लाख ९१ हजार ३११ | १ करोड ५६ लाख ६५ हजार ८२८ (५३.६६ प्रतिशत) | १ करोड १७ लाख ४८ हजार ५४८ (४०.२५ प्रतिशत) | १७ लाख ७८ हजार १०४ (६.०९ प्रतिशत) | १ करोड ९२ लाख ९१ हजार ३१ (६६.८ प्रतिशत) | ९९ लाख १ हजार ४४९ (३३.९२ प्रतिशत) |




जनसंख्या बृद्धिदर ०.९३ प्रतिशत

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ माघ ।

नेपालको जनगणना-२०७८ को प्रारम्भिक प्रतिवेदन सार्वजनिक भएको छ । तथ्याङ्क विभागले बुधबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार, नेपालको जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४ सय ८० पुगेको छ । दश वर्ष अगाडि ०.९३ प्रतिशतले जनसंख्या बढेको छ । तर बृद्धिदर भने घटेको छ । २०६८ को जनगणना बृद्धिदर १.३५ प्रतिशत थियो । विभागका प्रवक्ता तीर्थराज चौलागाईले बच्चा जन्माउने संख्यामा कमी आउँदा जनसंख्याको अनुपात घटेको बताए ।

बितेको दश वर्षमा जनसंख्या बृद्धिदर घटेको छ । प्रारम्भिक प्रतिवेदनअनुसार, महिलाको जनसंख्या १ करोड ४९ लाख १ हजार १६९ र पुरुष जनसंख्या १ करोड ४२ लाख ९१ हजार ३११ छ । विदेशमा बसोबास गर्ने नेपाली २१ लाख ६९ हजार ४७८ छन् । नेपालमा ५६लाख ४३ हजार ९४५ घरपरिवार छन् । औसत परिवार सदस्य संख्या ४.३२ छ । सार्वजनिक प्रतिवेदनअनुसार, तराईमा १ करोड ५६लाख ६५ हजार ८२८ जना (५३.६६ प्रतिशत) बसोबास गर्छन् भने पहाडमा १ करोड १७ लाख ४८ हजार ५४८ (४०.२५ प्रतिशत) र हिमाली क्षेत्रमा १७ लाख ७८ हजार १०४ जना (६.०९ प्रतिशत) बस्छन् ।

सवैभन्दा धेरै जनसंख्या मधेश प्रदेशमा ६१ लख २६हजार २८८ बस्छन् । सवैभन्दा कम भने कर्णालीमा १६लाख ९४ हजार ८०० बस्छन् । प्रदेश-१ मा ४९ लाख ७२ हजार २१, बागमतीमा ६० लाख ८४ हजार ४२, गण्डकीमा २४ लाख ७९ हजार ७४५, लुम्बिनीमा ५१ लख २४ हजार २२५ र सूदुरपश्चिम

– बाँकी पृष्ठ २ मा

राष्ट्रियसभा निर्वाचन

# एमालेले गुमायो सात सिट

पाँच दलीय गठबन्धन तोड्दै प्रदेश-१ बाट नेकपा एमालेका सोनाम गेल्जेन शेर्पा राष्ट्रियसभा सदस्य निर्वाचित भए । तर बाँकी १८ सिटमा गठबन्धनले चुनाव जित्दा एमालेले सात सिट गुमाएको छ ।



“ एमालेविरुद्ध सबै दल मिलेकाले यो नतिजा अपेक्षित नै हो । तर प्रदेश-१ मा गठबन्धन तोड्न सफल भयौं । हामीले होरेर पनि जित्यौं ।

● **विशाल भट्टराई**
प्रमुख सचेतक, नेकपा एमाले

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ माघ ।

प्रमुख विपक्षी दल नेकपा एमालेका सोनाम गेल्जेन शेर्पा पाँच दलीय गठबन्धन तोड्दै राष्ट्रियसभा सदस्य निर्वाचित भएका छन् । प्रदेश-१ बाट पाँच दलीय गठबन्धनका उम्मेद्वार हेमराज राईलाई पराजित गर्दै शेर्पा राष्ट्रियसभा सदस्य निर्वाचित भए । शेर्पाले ४,७७० मत पाउँदा जनता समाजवादी पार्टी (जसपा) का राईले ४,३८६ मत पाए । प्रदेश-१ को बाँकी दुई सिटमा भने गठबन्धनका तर्फबाट नेकपा एकीकृत समाजवादीका जयन्ती राई र नेपाली काँग्रेसका गोपालबहादुर बस्नेत निर्वाचित भए ।

बस्नेतले एमालेका गुरु बराललाई गोलाप्रथाबाट पराजित गरेका हुन् । दुवैले ४,४४८ मत पाएका थिए । एकीकृत समाजवादीका राईले भने सहज जित निकालिन् । राईले ४,६९२ मत पाएर निर्वाचित हुँदा एमालेकी सुमित्रा भण्डारीले ४,३६२ मत पाइन् । बाँकी प्रदेशमा भने सत्तारुढ गठबन्धनका उम्मेद्वार विजयी भए ।

१९ सिटका निम्ति भएको चुनावमा गठबन्धनका तर्फबाट काँग्रेसले ६, नेकपा माओवादी केन्द्रले ५, एकीकृत समाजवादीले ५, जसपाले २ र राष्ट्रिय जनमोर्चाले एक उम्मेद्वार उठाएको थियो । एमालेको भने १९ पदमै उम्मेद्वार थिए । मधेश प्रदेशमा जसपाका खलिद सिद्दिकी र माओवादी केन्द्रका उर्मिला अर्यालले जितिन् । सिद्दिकीले ६,६७८ मत ल्याएर जित्दा एमालेका उस्मान अन्सारीले २,७६६ मत पाए । अर्यालले ६,१५६ मत ल्याएर जितिन् । बागमतीमा एकीकृत समाजवादीकी

– बाँकी पृष्ठ २ मा

# कर्मचारीको विपक्षमा फैसला

प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुले संघमा फर्कने बाटो बन्द गर्नेगरी सर्वोच्च अदालतले फैसला सुनाएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ माघ ।

प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई संघ फर्कने बाटो बन्द गर्नेगरी सर्वोच्च अदालतले फैसला गरेको छ । कानून बिपरीत प्रदेश र संघमा समायोजन गरिएको भन्दै कर्मचारीहरुले दायर रिटमाथि विभिन्न समयमा अन्तरिम आदेश दिदै आएको थियो । अन्तरिम आदेशकै कारण प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारी संघको फर्किएका थिए ।



तर विभिन्न समयमा दिइएको अन्तरिम आदेश समेत खारेज गर्दै सर्वोच्चले संघीय निजामति सेवामा फर्कने बाटो बन्द गरिदिएको छ । सर्वोच्चका न्यायाधीशहरू डा. आनन्दमोहन भट्टराई, सपना प्रधान मल्ल र नहकुल सुवेदीको पूर्ण इजलासले समायोजन भएर प्रदेश र स्थानीय तहमा गएका कर्मचारी संघमा ल्याउन नपर्ने फैसला सुनाएको छ ।

“समायोजित भई प्रदेश र स्थानीय तहमा गएका कर्मचारीको हकमा फराकिलो वृत्तिविकासको अवसरको सुनिश्चितता, वर्गीकृत भौगोलिक क्षेत्रको कार्यानुभव प्राप्त गर्न पाउने अवसरको उपलब्धता गराउनू” फैसलामा भनिएको छ । सर्वोच्चको फैसलाले कर्मचारी समायोजन कानून सम्मत भएको उल्लेख गरेको छ ।

पूर्ण इजलासले आवश्यक नीतिगत कानून व्यवस्था गर्न आदेश दिएको छ । “त्यसको अभिलेख व्यवस्थापन तथा समायोजनका सम्बन्धमा देखापरेका गुनासोको सम्बोधनलगायत सकारात्मक उत्प्रेरणाका लागि आवश्यक नीतिगत कानूनी र व्यवस्थापनीय प्रबन्ध गर्नू” फैसलामा भनिएको छ ।

लोकसेवा आयोगबाट विज्ञापन गरिएको पदको अन्तिम नजिता रोक्ने सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन

– बाँकी पृष्ठ २ मा

**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | : ८,४५४ |
| परीक्षण | : २०,३५९ |
| मृत्यु | : ५ |
| निको हुने | : ४,४३३ |

# भिजिट भिसाको धन्दा रोक्न मन्त्रीले गुहारे राजदूत



**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ माघ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले ‘भिजिट भिसा’मा यूएई पुऱ्याएर अलपत्र पार्ने समस्याको समाधानका लागि उक्त मुलुकको सहयोग माग गरेका छन् । नेपालका लागि यूएईका राजदूत साईद हमदान अलक्वानीसँग बुधबार छलफल गर्दै भिजिट भिसामा गएर नेपालीले दुःख पाउने क्रम बढेको भन्दै त्यसरी यूएईमा पुग्ने निरूत्साहित गर्न आग्रह गरेको मन्त्री श्रेष्ठको निजी सचिवालयले बताएको छ ।



त्यसअघि, मन्त्री श्रेष्ठले भिजिट भिसाको धन्दामा संलग्न व्यक्ति वा कम्पनीलाई पीडितको तत्काल उद्धार गर्न चेतावनी दिएका थिए । आकर्षक रोजगारी लगाइदिने र युरोप समेत पुऱ्याइदिने भन्दै भिजिट भिसामा यूएई लगेर अलपत्र पारेको, ठगी गरेको, विभिन्न समस्या तथा अप्ठ्यारोमा परेको गुनासो

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मार्चसम्म अकामाको नि:शुल्क नवीकरण

**काठमाडौं/मस**– साउदी अरबले आगामी मार्च ३१ सम्म अकामाको नवीकरण, एक्जिट र रि-ईन्ट्री भिसाको म्याद थप गर्न शुल्क नलिने बताएको छ । साउदी अरबको सरकारी निकाय जवाजतले कोभिड १९ का कारण विभिन्न मुलुकहरुबाट साउदी अरब आउन यात्रा बन्देज लागेका कारण समस्यामा पर्न सक्ने विदेशी कामदार समेतलाई सहयोग पुऱ्याउन शुल्क नलिने निर्णय गरिएको बताइएको छ ।

जवाजतले यसबीचमा

– बाँकी पृष्ठ २ मा

# धेरै प्रतिशत खोप लगाउने मुलुकको सूचीमा नेपाल

**काठमाडौं/मस-** दक्षिण एशियामै धेरै प्रतिशत जनसंख्याले खोप लगाउने मुलुकमा नेपाल पनि परेको छ । आगामी चैत मसान्तसम्म १८ वर्षमाथिका सबै नागरिकलाई पूर्णमात्रा खोप लगाइसक्ने लक्ष्य लिएको सरकारले हालसम्म ७१ प्रतिशतलाई पहिलो मात्रा खोप दिइसकेको छ भने ६१ प्रतिशतले दुवै मात्रा खोप लगाइसकेका छन् ।

प्रधानमन्त्रीमा शेरबहादुर देउवा निर्वाचित भएपछि 'खोप, खोप र खोप' को नीतिअनुसार अघि बढ्दा दक्षिण एशियामै कोभिडविरुद्धको खोप धेरै प्रतिशतलाई लगाउने मुलुकमा नेपाल उक्लिएको हो ।

प्रधानमन्त्री देउवा सरकारको नेतृत्व लिएपछि खोप खरिद द्रुतगतिमा अघि बढेको, खोप केन्द्र आवश्यकताअनुसार बढाइएको र खोप लगाउने जनशक्तिमा व्यापक वृद्धि गरेका कारण खोप व्यवस्थापन चुस्त भएको हो ।

हाल सबै प्रदेशमा कोभिसिल्ड/एस्ट्राजेनेका र सिनोफार्मका पहिलो तथा दोस्रो मात्रा खोप लगाइरहेको छ भने ५७ जिल्लामा मोडर्ना खोपको पहिलो मात्रा खोप दिइरहेको छ । प्रदेश १ मा हालसम्म १८ वर्षमाथिका ७५ प्रतिशत नागरिकले पहिलो मात्रा



खोप लगाइसकेका छन् भने ६० प्रतिशतले पूर्णमात्रा खोप प्राप्त गरेका छन् । यस्तै मधेस प्रदेशमा ६१ प्रतिशतले पहिलो मात्रा लगाउँदा ५३ प्रतिशतले पूर्ण मात्रा खोप लगाएका छन् ।

यसैगरी, बागमती प्रदेशमा ८६ प्रतिशतले पहिलो मात्रा तथा ८० प्रतिशतले पूर्णमात्रा, गण्डकी प्रदेशमा ८३ प्रतिशतले पहिलो मात्रा तथा ८९ प्रतिशतले पूर्ण मात्रा लगाएका छन् । लुम्बिनी प्रदेशमा ७५ प्रतिशतले पहिलो मात्रा र ६५ प्रतिशतले पूर्ण मात्रा खोप लगाएका छन् भने कर्णाली प्रदेशमा ५७ प्रतिशतले पहिलो मात्रा खोप प्राप्त गर्दा ५५ प्रतिशतले पूर्ण मात्रा र सुदूरपश्चिम प्रदेशमा ६४ प्रतिशतले पहिलो मात्रा खोप लगाउँदा ६२ प्रतिशतले पूर्ण मात्रा खोप लगाइसकेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार यही माघ ११ गतेसम्म कोरोनाविरुद्धको खोपको पूर्ण मात्रा लगाउने संख्या एक करोड ३१ लाख छ हजार ७२६ पुगेको छ । त्यसमध्ये कोभिसिल्डको पूर्ण मात्रा लगाउनेको संख्या २९ लाख १७ हजार ३०४ छ भने भेरोसेलको पूर्णमात्रा लगाउनेको संख्या ७८ लाख २१ हजार ४०६ रहेको छ । यस्तै २३ लाख २४ हजार ८०७ जनाले जोनसेनको पूर्णमात्रा लगाउँदा फाइजरको पूर्णमात्रा लगाउने ४३ हजार २०९ जना छन् ।

यसैगरी एक करोड ६३ लाख ३३ हजार ९३७ जनाले कोरोनाविरुद्धको खोपको पहिलो मात्रा लगाएका छन् । त्यसमध्ये कोभिसिल्ड ४५ लाख ३० हजार ७८७, भेरोसेल ९७ लाख ४६ हजार २७० र फाइजर दुई लाख ५९ हजार ९४० जनाले पहिलो मात्रा लगाएका छन् । यस्तै १७ लाख ९६ हजार ९४० जनाले मोडर्नाको पहिलो मात्रा खोप लगाएका छन् । यसबाहेक सरकारले फ्रन्टलाइनमा खटिने तथा अत्यावश्यक सेवामा कार्यरत नागरिकलाई निःशुल्क बुस्टर डोज पनि दिइरहेको छ । हालसम्म दुई लाख २३ हजार ९४४ जनाले बुस्टर डोज लगाइसकेका छन् ।

कूल जनसंख्याको ४३ प्रतिशतले खोपको पूर्णमात्रा लगाउँदा ५४ प्रतिशतले पहिलो मात्रा लगाएका छन् भने जोनसेनको खोपसहित ६१ प्रतिशतले कम्तीमा खोपको पहिलो मात्रा लगाइसकेका छन् । यसमा १८ वर्षमाथिका व्यक्तिमा ६६ प्रतिशतले खोपको पूर्णमात्रा लगाइसकेका छन् भने ७३ प्रतिशत पहिलो मात्रा लगाएका छन् । यस्तै १२ देखि १७ वर्षसम्मका ५३ प्रतिशतले पहिलो मात्रा लगाउँदा शून्य दशमलव १ प्रतिशतले पूर्णमात्र लगाएका छन् ।

# 'मानव बेचबिखन नियन्त्रणमा सबैको साथ र सहयोग आवश्यक'

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, १२ माघ

मानव बेचबिखन नियन्त्रणका लागि सबैको साथ र सहयोग आवश्यक रहेको सरोकारवालाहरुले बताएका छन् ।

माइती नेपालद्वारा बुधबार कपिलवस्तुमा आयोजित स्थानीय मानव बेचविखन नियन्त्रण समितिसँगको वार्षिक समीक्षा र योजना बैठकमा सहभागिहरुले समाजमा मानव बेचबिखनको समस्याले मानव अधिकारको हनन् हुनुका साथै समाजमा विकृतिहरू बढ्दै गएकाले यसको समाधानका लागि सबै एकजुट हुनुपर्ने बताए ।

कृष्णनगर नगरपालिकाको आयोजना तथा हाम्रो सम्मान परियोजनाको सहयोगमा भएको कार्यक्रम कृष्णनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्र राम चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो । कृष्णनगर नगरपालिकाको सभा हलमा भएको कार्यक्रममा माइती



नेपाल रूपन्देही तथा कपिलवस्तु जिल्लाकी कार्यक्रम संयोजक माया क्षेत्रीले मानव बेचबिखनको लागि सबैको साथ र सहयोगको आवश्यक रहेको बताइन् । उनले मानव बेचविखनका कारणहरू, मानव बेचबिखनबाट हुने असर, मानव बेचबिखन नियन्त्रणका उपायहरू, मानव बेचबिखनविरूद्ध माइती नेपालले गरेका पहलहरु, उद्धार एवम् पुनरागमन प्रक्रिया, बालश्रम र कार्य स्थलमा हुन सक्ने यौन दुर्व्यवहारहरूलगायतका विषयमा प्रकाश पारेकी थिइन् ।

कार्यक्रममा कृष्णनगर नगरपालिकाका विभिन्न वडाका वडाध्यक्षहरूले आफ्नो वडामा मानव बेचबिखन नियन्त्रणमा गरेका कार्यहरू र वडा स्तरमा बनाएका कार्य योजनाहरूबारेमाजानकारी गराएका थिए । कृष्णनगर नगरपालिका महिला तथा बालबालिका शाखा प्रमुख थुमा देवी उपाध्यायले नगरपालिकाले मानव बेचबिखन नियन्त्रण सम्बन्धी गरेको कार्यहरूको बारेमा जानकारी गराएकी थिइन् । कार्यक्रममा व्यवस्थापनको भूमिका माइती नेपालद्वारा संचालित हाम्रो सम्मान परियोजना कपिलवस्तु जिल्ला फिल्ड संयोजक विकाश श्रीवास्तवले गरेका थिए ।

कार्यक्रममा सम्पूर्ण वडाका वडाध्यक्षहरू, वडा सचिवहरू, कर्मचारी, मानव बेचबिखन नियन्त्रण नगर स्तरीय कमिटीका सदस्यहरू लगायतको उपस्थित थियो ।

## जनगणना...

प्रदेशमा २७ लाख ११ हजार २७० जना बस्छन् । नगरपालिकालाई शहरी र गाउँपालिकालाई ग्रामिण जनसंख्या गरी छुट्याइएको छ । जसअनुसार, १ करोड ९२ लाख ९१ हजार ३१ (६६.८ प्रतिशत शहरी र ९९ लाख १ हजार ४४९ (३३.९२ प्रतिशत) ग्रामिण भेगमा बस्छन् ।

सबैभन्दा बढी जनसंख्या काठमाडौं र कम मनाङमा बस्छन् । तथ्यांक अनुसार काठमाडौंमा २० लाख १७ हजार ५३२ जना छन् भने मनाङमा पाँच हजार ६४५ जना छन् । मोरङ, रूपन्देही, झापा र सुनसरी जिल्ला क्रमशः दोस्रो, तेस्रो, चौथो र पाँचौं धेरै जनसङख्या भएका जिल्ला हुन् । कम जनसङ्ख्या भएका जिल्लातर्फ मुस्ताङ, डोल्पा, रसुवा र हुम्ला क्रमशः दोस्रो, तेस्रो, चौथो र पाँचौं स्थानमा पर्दछन् ।

## राष्ट्रियसभा ....

गोमादेवी तिमिल्सिना र काँग्रेसका कृष्णप्रसाद पौडेल निर्वाचित भए । गण्डकीबाट काँग्रेसका कमला पन्त, माओवादीका भुवनबहादुर सुनार र सुरेशकुमार आलेमगर निर्वाचित भए । लुम्बिनीबाट एकीकृत समाजवादीकी राजेन्द्रलक्ष्मी गैरे, काँग्रेसका युवराज शर्मा र जनमोर्चाका तुलप्रसाद विश्वकर्माले जिते । जनमोर्चा पहिलोपटक राष्ट्रियसभामा पुगेको हो । लुम्बिनीमा एक प्रदेश सांसद र पाँच स्थानीय जनप्रतिनिधि रहेको जनमोर्चाले गठबन्धनको मत पाएर जितेको हो ।

कर्णालीबाट काँग्रेसका दुर्गा गुरुङ, माओवादीका नरबहादुर बिष्ट र एकीकृत समाजवादीका उदयबहादुर बोहोरा निर्वाचित भए । सूदुरपश्चिम प्रदेशबाट एकीकृत समाजवादीका मदनकुमारी शाह (गरिमा), माओवादी केन्द्रबाट जगतबहादुर पार्की र काँग्रेसका नारायणदत्त मिश्रले जितेका छन् ।

आगामी २० फागुनमा कार्यकाल सकिने १९ पद मध्ये एमालेबाट ८, माओवादी केन्द्र र एकीकृत समाजवादीबाट चार/चार र काँग्रेसबाट तीन जना पदमुक्त भएका थिए । नतिजा भने गठबन्धनका सबै दलले राष्ट्रियसभा सदस्य संख्या बढाएको छ । काँग्रेसले तीन र बाँकी दलले एक/एक सिट बढी जितेको छ । एमालेले भने सात सिट गुमाएको छ । तर ५९ सदस्यीय राष्ट्रियसभामा अझै एमाले नै ठूलो दल हो । एमालेसँग अझै राष्ट्रियसभा अध्यक्ष सहित २४ सांसद छन् ।

## कर्मचारीको ....

मन्त्रालयबाट गत भदौ ३ गतेको निर्णय बदर गरी विज्ञापनको परीक्षाफल प्रकाशित गर्न आदेश दिएको छ । अदालतले स्थगित गरिएका विज्ञापनको परीक्षाफल प्रकाशन गर्ने समेत कार्य यथाशीघ्र गर्नु भनी सरकारका नाममा परमादेश गरेको छ ।

## भिजिट....

आएपछि मन्त्री श्रेष्ठ त्यसविरूद्ध सक्रिय भएका हुन् । मन्त्री श्रेष्ठले भिजिट भिसामा लगेर अलपत्र बनाउने काममा संलग्न कम्पनी वा व्यक्तिलाई तत्काल पक्राउ गरी कारबाहीको दायरामा ल्याइने समेत बताएका छन् ।

मन्त्री श्रेष्ठको चेतावनीपछि आकर्षक रोजगारीको प्रलोभन देखाएर नेपाली युवालाई भिजिट भिसामा यूएई पऱ्याउने कार्यमा संलग्न त्रिनेत्र म्यानेजमेन्ट कन्सल्टेन्सीका सञ्चालक कोमलराज उपाध्यायले अलपत्र परेका पाँच नेपालीलाई स्वदेश फिर्ताको व्यवस्था मिलाएको बताए । यूएईमा रहेका उपाध्यायले मन्त्री श्रेष्ठलाई टेलिफोन गरी आफ्नो कारणले अलपत्र परेका युवाहरुलाई उद्धार गर्ने प्रतिवद्धता जनाएको मन्त्री श्रेष्ठको निजी सचिवालयले जानकारी दिएको छ ।

सचिवालयमा उद्धारको आग्रह गर्दै दर्जनौं उजुरी आउने गरेको बताइएको छ । उपाध्यायको त्रिनेत्र म्यानेजमेन्ट कन्सल्टेन्सीले कयौं युवालाई महिनौं अलपत्र पारेको तथा क्याम्पमा अमानवीय व्यवहार गरेको मन्त्रालयमा उजुरी आएको पनि सचिवालयको भनाइ छ । आकर्षक रोजगारी लगाइदिने भन्दै 'भिजिट भिसा'मा यूएई पुऱ्याएर अलपत्र पार्ने काममा केही म्यानपावर कम्पनी र उनीहरूका निकटतम व्यक्ति, शैक्षिक कन्सल्ट्यान्सीहरु, ट्राभल्स सञ्चालक तथा बिचौलियाहरु संलग्न रहेको पाइएको भन्दै उनीहरुलाई कारबाहीको दायरमा ल्याउने मन्त्री श्रेष्ठले दाबी गरे । मन्त्री श्रेष्ठले एक अपील जारी गर्दै ठगी तथा अलपत्र परेको, विभिन्न समस्या तथा अप्ठ्यारोमा परेमा त्यस्तो कार्यमा संलग्न कम्पनी वा व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन उनीहरुबारे जानकारी गराइ सहयोग गर्न आग्रह पनि गरेका छन् । त्यसका लागि मन्त्री श्रेष्ठको निजी सचिवालयको मोबाइल नम्बरः ९८२३२५६७०४ र ९८२३२५६७०६ सार्वजनिक गर्दै समस्यामा परेकाहरूले सिधै सम्पर्क गरी गुनासो टिपाउन सकिने बताइएको छ ।

सरकारले भिजिट भिसामा पुगेर अलपत्र परेका नेपालीको समस्या समाधानका लागि श्रम मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधि सम्मिलित कार्यदल पनि गठन गरेको छ । तर भिजिट भिसामा जानेहरू सबै पीडित र निर्दोष नहुने र समस्या पर्न सक्ने पूर्व जानकारी भएर पनि जानी जानी जानेहरूलाई सचेत गराउनु पर्ने विषयमा मन्त्री श्रेष्ठले ध्यान दिनुपर्ने कतिपयको सुझाव छ ।

## मार्चसम्म...

म्याद सकिने अकामा तथा एक्जिट र रि-ईन्ट्री भिसाको म्याद स्वतः मार्च ३१ सम्म थपिने जनाएको छ । तर, साउदी अरबमा यस अगाडि नै कोभिड-१९ विरुद्धको एक मात्रा खोप लगाएको र स्वदेश फर्किएर पुनः साउदी अरब फर्किनुपर्नेहरुलाई भने लागू नहुने बताएको छ ।

# स्व. पत्रकार विश्वकर्माको परिवारलाई मन्त्री झाँक्रीको आधा महिनाको तलब प्रदान

**काठमाडौं/मस ।** शहरी विकास मन्त्री रामकुमारी झाँक्रीले आफ्नो एक महिनाको तलबको आधा रकम पत्रकार लालबहादुर विश्वकर्माको परिवारलाई दिएकी छन् । गत बिहीवार पैसाको अभावमै ज्यान गुमाएका पत्रकार विश्वकर्माकी श्रीमतीको अछाममा रहेको नबिल बैंकको खातामा ट्रान्सफर गरिदिइएकी छन् ।

विश्वकर्माको निधनप्रति मन्त्री झाँक्रीको विशेष ध्यानाकर्षण भएको मन्त्री झाँक्रीकी प्रेस संयोजक कान्ति न्यौपानेले बताइन् । अस्पतालको लापरवाही र आर्थिक अभावकै कारण उनको मृत्यु भएको समाचारहरु प्रकाशित भइरहँदा त्यो विषयमा सम्बन्धित निकायले सत्यतथ्य बाहिर ल्याउने पहल गर्नुपर्नेमा पनि मन्त्री झाँक्रीको जोड छ । निजामती कर्मचारी अस्पतालले आवश्यक उपचार नगरी अन्यत्र रिफर गरेर लापरवाही गरेको भन्दै आलोचना भइरहेको छ । सोही विषयको छानबिनका लागि अस्पतालले दिनेशकुमार लम्सालको संयोजकत्वमा छानबिन समिति समेत गठन गरेको छ ।

# खोप लगाउन २० हजार घुस लिनेविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कोरोनाविरुद्धको खोप लगाउन २० हजार घुस लिएको आरोपमा दुईजनाविरुद्ध विशेष अदालतमा आरोप पत्र दायर गरेको छ ।

महोत्तरी स्वास्थ्य चौकीमा हेल्थ असिस्टेन्ट पदमा कार्यरत अजयकुमार साह र कृष्णाकुमार यादवविरुद्ध अख्तियारले विशेष अदालतमा आरोपपत्र दायर गरेको हो । अख्तियारका सहायक प्रवक्ता वेदप्रसाद भण्डारीका अनुसार स्वास्थ्य चौकीमा कार्यरत साहको निर्देशनमा यादवले २० हजार घुस लिएको पुष्टि भएको छ ।

साहको निर्देशनमा यादवले कोरोनाविरुद्धको जोन्सन एन्ड जोन्सन खोप लगाउन सेवाग्राहीबाट २० हजार घुस लिएको अख्तियारको छानबिनमा फेला परेको हो ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
उत्तर-दक्षिण (कोशी) सडक योजना
खाँदबारी, संखुवासभा

**आर्थिक प्रस्ताव खोल्ने सूचना**

**प्रकाशित मितिः २०७८/१०/१३**

यस कार्यालयको मिति २०७८/०९/०५ को सूचना नं. 02–NSKRP/078/079 मा प्रकाशित सुचना अनुसार दर्ता हुन् आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको परीक्षण गर्दा तपसिल अनुसारका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही तथा योग्यताको आधारमा सफल भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) बमोजिम तपसिलको स्थान, मिति र समयमा आर्थिक प्रस्ताब खोलिने भएको हुदाँ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति,समय र स्थानः- २०७८/१०/२० गते दिनको १२ः०० बजे, उत्तर दक्षिण (कोशी) सडक योजना, खाँदवारी**

| ठेक्का नं. | आर्थिक प्रस्तावको लागि छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|
| NSKRP/337011184/078/79-02 | 1. PS /Arun Barun J.V. Khandbari-03, Sankhuwasabha |

**योजना प्रमुख**



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०२/०७ मा दर्ता भएको **प्रा.लि. नं. ७३000 को एसियन्ट थाई स्पा एण्ड ब्युटी कलव प्रा.लि.** को मिति २०७८/१०/०४ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५४/०७/११ मा दर्ता भएको **प्रा.लि. नं. ७५३३ को माउण्ट कैलाश टुर्स एण्ड ट्राभल्स प्रा.लि.** को मिति २०७८/१०/११ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७८/१०/१३
यस कम्पनीको मिति २०७७/०९/०४ मा सम्पन्न एकलशेयरधनीको निर्णय बमोजिम साविक कम्पनी **शुद्ध सुत्र ट्रेडिङ प्रा.लि. (प्रा.लि. नं. २६७३४५/०७८/०७९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **डिझकिज कलेक्सन्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७८/१०/१३
यस कम्पनीको मिति २०७८/०४/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ए. बी. बी पावर प्रोडक्ट एण्ड सिस्टम्स इण्डिया लि. (प्रा.लि. नं. २६५३९२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/०६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हिटाची इनर्जी इण्डिया लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



Government of Nepal
Ministry of Urban Development
**New Town Project Coordination Office**
**New Town Project Office Phidim**
Phidim, Panchthar

**Letter of Intent**

**Date of publication: December 24, 2021**

New Town Project Office Phidim, Panchthar publishes Letter of Intent for the following construction works. It is informed to all concerned bidders as per the provision on Public Procurement Act, 2063, Clauses 27(2) and (3). For further information, visit e-GP portal of PPMO, www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID | Description of Works | Bid Amount (Without VAT, PS) NRs. | Name of Lowest Priced Bidder |
|---|---|---|---|---|
| 1 | NTO/Pdm/NCB/ Works/21-2078/79 | Upgrading of road from Ghantaghar (D.P.O.) to Goldhara-Sabrang Khola | 46,23,323.02 | Kamal Construction Phidim – 01, Panchthar |
| 2 | NTO/Pdm/NCB/ Works/22-2078/79 | Upgrading of Road Mechi Rajmarga -Charbare to Karagar Line connecting Ra.Bi.Se. Dhara and Kiratchowk To Thangsang Kholsi connecting Namuna Line Road | 22,33,904.00 | Godar Nirman Sewa, BP Road, Phidim |
| 3 | NTO/Pdm/NCB/ Works/23-2078/79 | Construction of Landfill Site as per DPR. | 23,14,862.20 | Kamal Construction Phidim – 01, Panchthar |
| 4 | NTO/Pdm/NCB/ Works/24-2078/79 | Construction of Lavijam Buddha Sports Ground, Kagate, Phidim-8 | 11,21,408.70 | Godar Nirman Sewa, BP Road, Phidim |
| 5 | NTO/Pdm/NCB/ Works/25-2078/79 | Construction of Shidheswore Hitidhara Sports Ground, Phidim-13 | 12,91,508.20 | Subha Lakshya Nirman Sewa Pvt.. Ltd., Phidim-02, Panchthar |

**Project Chief**

मन्त्रिपरिषद बैठक

# जापानको दुई अर्ब ६१ करोडसम्मको अनुदान स्वीकार

**काठमाडौं/मस–**सरकारले विराटनगर खानेपानी सुधार आयोजना कार्यान्वयन गर्न जापान सरकारबाट प्राप्त हुने दुई अर्ब ६१ करोड रुपैयाँसम्मको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को यही माघ १० गतेको निर्णय सार्वजनिक गर्दै नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले कृषि तथा वन विज्ञान विश्वविद्यालयलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउने स्वीकृति दिने निर्णय गरेको पनि जानकारी दिए ।

मन्त्रिपरिषद्ले नेपाल विद्युत् प्राधिकरणअन्तर्गतका विभिन्न प्रसारण लाइन तथा सवस्टेसन आयोजनाका लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने निर्णय पनि गरेको छ । सरकारले संगठन तथा व्यवस्थापन सर्भेक्षण पुनरावलोकनका लागि सैद्धान्तिक स्वीकृति प्रदान गरेको छ ।




बैठकले भोजपुरस्थित नेपाली सेनाको फस्ट राइफल गणको ब्यारेक पेरिमिटरको उत्तर र पूर्वतर्फ फैलिएको स्थानीयको स्वामित्वमा रहेको करिब २० रोपनी १५ आना दुई दाम जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गरेको छ ।

कञ्चनपुर र कैलालीमा एकीकृत फोहरमैला व्यवस्थापन प्लान्ट स्थापनाका लागि शुक्लाफाँटा नगरपालिका र गोदावरी नगरपालिकाको वनक्षेत्रभित्र पर्ने जग्गा प्रयोग गर्न पनि मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेको छ ।

सरकारले विभिन्न समयमा छपाइ भएका, प्रकाशन नभएका र चलनचल्तीमा ल्याउन नसकिएका हुलाक टिकट र हुलाक स्टेसनरी प्रचलनमा नल्याउने र कानुनबमोजिम नष्ट गरी मिनाह गर्न स्वीकृति दिने निर्णय पनि गरेको छ । बैठकले स्वास्थ्य बीमा बोर्डको अस्थायी दरबन्दी स्वीकृत गर्ने तथा लोकसेवा आयोगको सिफारिसमा विभिन्न सेवा समूहका राजपत्राकिंत द्वितीय श्रेणीका अधिकृतलाई सम्बन्धित सेवा समूहको राजपत्राकिंत प्रथम श्रेणीको सहसचिवमा नियुक्ति तथा पदस्थापना गर्ने निर्णय गरेको छ ।

# जिल्ला प्रशासन कार्यालय बाजुराको अत्यावश्यकबाहेक सबै सेवा बन्द

**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, १२ माघ

जिल्ला प्रशासन कार्यालय बाजुराबाट दिइने दैनिक प्रशासनिक कार्यहरु बन्द भएको छ । कार्यालयमा कार्यरत कर्मचारीहरुमा कोरोना भाइरसको संक्रमण पुष्टि भएपछि कार्यालयले दिने अत्यावश्यक कार्यबाहेक अन्य सबै सेवाहरु बन्द गरिएको हो ।

बुधबारबाट अर्को सूचना जारी नहुँदासम्म मुद्दा र शान्ति सुरक्षाका कार्यहरुबाहेक अरु सबै कामकाजहरु बन्द गरिको प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौडेलले एक सूचना जारी गरेर जनाकारी दिएका छन् । बाजुरामा कोरोना संक्रमितको संख्या बढेसँगै जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुमा समेत संक्रमण देखिएका कारण बाध्यताले दैनिकी सेवालाई बन्द गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलले मध्यान्हलाई बताए ।




जिल्ला प्रशासन कार्यालयबाट हुने कामहरु नागरिकता, राहदानीको लागि सिफारिसलगायतका कार्यहरु बन्द भएको हो । बाजुरामा संक्रमण दिनप्रति दिन फैलिँदै गएका कारण उच्च जोखिम रहेकाले सतर्कता अपनाउन सबैमा प्रशासन कार्यालयले आग्रह गरेको छ । कार्यालयबाट दिइने सबै सेवाहरु बन्द हुँदा नागरिकहरु मारमा परेपनि कोरोना महामारीबाट जोगिनुपर्ने बाध्यता रहेको प्रशासन कार्यालयले जनाएको छ ।


## साउदीमा बैदेशिक रोजगारको अवसर

कम्पनी : **N8 Car Wash** शहर: **Saudi Arabia, Riyadh**

पूर्व स्वीकृती मिति : २०७८/१०/१२ चलानी नं.६०१७३४५३ **LT No. 257026**

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Vehicle washing and greasing factor | 4 | काममा दक्ष | 1000 | ३१,८८० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/– कामदार आफैंले | रु १५००/– कामदार आफैंले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०७८ माघ २० गते **(3 Feb, 2022)** मा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.** Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348, 4620715
E-mail: jobs@empirenpl.com.np



## यूएईमा रोजगार

१. कम्पनी : **LAVAJET COMPANY ALAIN** शहर: **UAE**

पूर्व स्वीकृत मितिः २०७८/१०/१२ चलानी नं.: ६०१७३४५६ **LT. No.: 256944**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor (Cleaner) | 100 | 0 | स. काममा दक्ष | 800 | २५,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : **FAYA CLEANING SERVICES** शहरः **UAE**

पूर्व स्वीकृत मितिः २०७८/१०/१२ चलानी नं.: ६०१७३४५५ **LT. No.: 256586**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 10 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Male Claner | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २० गते (3 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क. न. १ को निःशुल्क २ को १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301, Mobile No.- 9803515104, 9816332223, 9818466028, 9852059287, 9845878321, 9869317171


## Kawasoti Municipality Office
## Office of the Municipal Executive

**Kawasoti, Nawalparasi (East of Bardghat Susta)**
**Gandaki Province**

### Invitation for Bid

**Date of Online Publication: 2078/10/13**

Kawasoti Municipality Office, Kawasoti, Nawalparasi (East of Bardghat Susta) invites electronic bids only for the following work under NCB.

| S. N. | Contract No. | Name of the Project | Estimated Cost(Including VAT and PS) | Bid Document Price | Last Date of Bid Submission | Bid Opening Date and Time | Bid validity period / Bid security validity | Bid Security/ Bid Bond |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 13/KM/NCB/ 2078-79 | Asphalt Concreting and Gravelling Work at Kawasoti Municipality-17 | 43,99,594.50 | 3000/- | 2022/02/27 till 12:00 Noon | 2022/2/27, 2:00 PM | 90/120 days | 1,10,000.00 |
| 2. | 14/KM/NCB/ 2078-79 | Asphalt Concreting at 4 Different Locations of Kawasoti Municipality-02 | 50,51,211.35 | 3000/- | 2022/02/27 till 12:00 Noon | 2022/2/27, 2:00 PM | 90/120 days | 1,25,000.00 |
| 3. | 15/KM/NCB/ 2078-79 | Asphalt Concreting Works at 2 Different Locations at Kawasoti Municipality-10 | 34,96,305.80 | 3000/- | 2022/02/27 till 12:00 Noon | 2022/2/27, 2:00 PM | 90/120 days | 88,000.00 |
| 4. | 16/KM/NCB/ 2078-79 | Asphalt Concreting Works at 2 Different Locations of Kawasoti Municipality-14 | 31,93,243.46 | 3000/- | 2022/02/27 till 12:00 Noon | 2022/2/27, 2:00 PM | 90/120 days | 80,000.00 |

1. Date, Time and Place of Bid Opening of this contract: **2022/2/27 at 2:00 PM, At Kawasoti Municipality** Office Building
2. Information for depositing the cost of bidding document and Bid Security
   **Name of the Bank : Rastriya Banijya Bank, Kawasoti Branch**
   **Office Name : Kawasoti Municipality Office**
   **Account No. : 3200100301010003 (For Bid Document Purchase)**
   **Account No. : 3200100304010003 (For Bid Security)**
3. Eligible Bidders may obtain further information from Kawasoti Municipality Office during office hour or may visit PPMO web portal **www.bolpatra.gov.np/egp.**
   **Contact: 078-540170, Email: kawasotimunicipality2014@gmail.com.**
4. For more information & e- submission visit website is **www.bolpatra.gov.np/egp** .
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**


## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484


**Government of Nepal**
**Ministry of Health and Population**
**National Health Education, Information and Communication Centre, Teku, Kathmandu.**

### Invitation for Sealed Quotation for the procurement for Message Broadcasting through FM Radios and Televisions about Prevention and Control of Non-communicable Diseases (नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी सन्देश एफ एम तथा टेलिभिजनबाट प्रसारण)

**First date of Publication: 2078/10/13**
**Sealed Quotation No: 05./2078/079**

The National Health Education, Information and Communication Centre (NHEICC)invites sealed quotations from registered media agencies for Message Broadcasting through FM Radios and Televisions about Prevention and Control of Non-communicable Diseases (नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी सन्देश एफ एम तथा टेलिभिजनबाट प्रसारण) (Estimated cost NPR. 7,18,499/-including VAT)

1. A complete set of Bidding Documents must be purchased from National Health Education, Information and Communication Centre (NHEICC), Teku, Kathmandu by eligible Bidders on the submission of a written application, along with the copies of company/firm registration certificate, renewable certificate, PAN/VAT certificate, tax clearance certificate of FY 2077/78 and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2078/10/27 during office hours.
2. Sealed bids must be submitted to the National Health Education, Information and Communication Centre (NHEICC), Teku, Kathmandu by hand on or before 12 noon on 2078/10/28. Bids received after this deadline will be rejected.
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2 pm 2078/10/28. at the office of National Health Education, Information and Communication Centre (NHEICC), Teku, Kathmandu. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Rs.18,000.00 which shall be valid for 30 days beyond the validity period of the bid (exact 75 days after bid opening). If bidder wishes to submit the Cash Security, the cash should be deposited as follows and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
   Name of the Bank: Rastriya Banijya Bank, Teku Branch
   Name of Office : National Health Education, Information and Communication Center,Teku
   Office Code No.: 370013505
   Office Account no.: 1700100102030000
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
6. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of National Health Education Information and Communication Centre (NHEICC), Teku, Kathmandu, 01-5354271, info@nheicc.gov.np, nheicc.nepal@gmail.com.

## सम्पादकीय

# जनगणनाको सन्देश

नेपालको जनसंख्या ०.९३ प्रतिशतले बढेको छ । दश वर्ष अगाडि भन्दा बृद्धिदर भने घटेको छ । जनगणना–२०६८ मा नेपालको जनसंख्या बृद्धिदर १.३५ प्रतिशत थियो । तर जनगणना–०७८ मा नेपालको जनसंख्या २,९१,९२,४८० जना पुग्दा बृद्धिदर भने घट्न पुगेको हो । पुरूष र महिला जनसंख्याको अनुपात भने उस्तै रहेको छ । पहिलेजस्तै यसपटक पनि पुरूषको भन्दा महिलाको जनसंख्या धेरै देखिएको छ । १ करोड ४९ लाख १ हजार १६९ महिला र १ करोड ४२ लाख ९१ हजार ३११ जना पुरूष जनसंख्या रहेको तथ्याङ्क विभागको प्रतिवेदन छ । अर्थात् लैङ्गिक सन्तुलन कायम हुन सकेको छैन । दश वर्ष अगाडि पनि महिलाकै जनसंख्या धेरै थियो ।

तराई, पहाड र हिमाली जनसंख्याको अनुपातमा पनि परिवर्तन आएको छैन । नयाँ जनगणनामा पनि १ करोड ५६ लाख ६५ हजार ८२८ जना (५३.६६ प्रतिशत) तराईमा, १ करोड १७ लाख ४८ हजार ५४८ जना (४०.२५ प्रतिशत) पहाडी क्षेत्रमा र १७ लाख ७८ हजार १०४ जना (६.०९ प्रतिशत) हिमाली क्षेत्रमा बसोबास गर्छन् । बसाइसराइको दृष्टिले पनि पहाडी र हिमाली जिल्लाहरूमा जनसंख्या घटेको छ । प्रारम्भिक प्रतिवेदन अनुसार, १ करोड ९२ लाख ९१ हजार ३१ (६६.८ प्रतिशत) मानिस शहरी क्षेत्रमा बसोबास गर्छन् । यो परिवर्तित नेपालको सन्दर्भमा चिन्ताको विषय हो । किनकि मुलुक अहिले संघीय अभ्यासमा छ ।

ग्रामिण जनसंख्या भने ३३.९२ प्रतिशत अर्थात् ९९ लाख १ हजार ४४९ रहेको छ । यो प्रतिवेदन प्रारम्भिक मात्रै हो । तर यसमा ठूलो परिवर्तन आउने छैन । त्यसैले मुलुकको राजनीतिक–प्रशासनिक–आर्थिक नीतिको मार्गचित्र आगामी दश वर्ष यही प्रतिवेदन वरिपरी घुम्नेछ । जनगणनाले देखाएको असन्तुलन मिलाउनु चुनौती हुनेछ । शहरी र ग्रामिण जनसंख्या, मुलुकले लिएको लक्ष्य बमोजिम जनसंख्या बृद्धिदर मिलाउन जस्ता विषय यही प्रतिवेदनबाट प्रष्ट हुनेछ । तथ्याङ्क विभागले जनसंख्या बृद्धिदर घटेको देखाएकाले यसको सबल र दुर्वल पक्षबारे समीक्षा गरि नुपर्नेछ । जन्मदर, मृत्युदर, बसाइसराइ, प्राकृतिक प्रकोप लगायतले जनसंख्या बृद्धिदरमा असर पार्ने भएकाले त्यसबारे तथ्य आधारित विश्लेषण जरूरी छ । जसले मुलुकको सम्पूर्ण क्षेत्रलाई सन्तुलित बनाएर राख्नेछ ।

# स्थानीय तहको चुनावबारे उठेका सवाल

अहिलेको प्रणाली नसुधारिकन चुनावमा जाँदा त्यसको परिणाम समाजवाद सापेक्ष नआउने कुरा प्रष्ट भएकाले पनि दलहरूले आफ्नो ध्यान त्यतातर्फ बढाउनै पर्ने जरूरी छ ।

अग्रलेख



● नीलकण्ठ तिवारी

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को संघीय चुनाव वैशाखमा गर्ने र स्थानीय चुनाव कार्तिक-मंसिरमा गर्ने एउटा आकस्मिक प्रस्ताव सार्वजनिक राष्ट्रिय राजनीतिमा बेग्लै तरंग उत्पन्न भएको छ । प्रचण्डको प्रस्तावलाई लिएर प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले औपचारिक रूपमै वक्तव्य सार्वजनिक गरीसकेका छन् । 'स्थानीय तहको निर्वाचन धकेल्न प्रतिनिधिसभाको कार्ड फ्याकिएको' भन्दै अर्लि इलेक्सनको आफ्नो प्रस्ताव सही रहेको जिकिरसमेत उनको छ । वर्तमान संसदको दुई पटक प्राण निमोठेको आरोप खेपेको एमालेलाई संसद अवरूद्ध पनि पारिरहने र भत्ता, तलब पनि बुझीरहनेलगायतका नैतिक प्रश्न पनि उठाइएका छन् । निर्वाचित जनप्रतिनिधिले शासन गर्न पाउने व्यवस्थाअनुसार तत्काल स्थानीय तहको निर्वाचन हुनुपर्ने अर्थात् जनप्रतिनिधिविहीन स्थानीय तहको परिकल्पना संविधानले नगरेको भन्ने एमालेको वर्तमान तर्क सामान्यत बेठिक पनि छैन । त्यसैगरी तत्काल स्थानीय चुनाव हुनुपर्ने अडानका अन्य पक्षधरले 'संविधानको धाराको आफु उपयोगी एक वाक्य निकालेर जनप्रतिनिधि बिहीन राज्य राख्नै नपाइने' तर्क राखेका छन् ।

तर, संविधानको धारा २२५ मा 'गाउँसभा र नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले ५ वर्षको हुने र त्यस्तो कार्यकाल समाप्त भएको ६ महिनाभित्रै अर्को गाउँसभा र नगरसभाको निर्वाचन सम्पन्न गर्नुपर्ने' कुरा उल्लेख भएको प्रष्ट अवस्थालाई नजरअन्दाज गरी आफु उपयोगी वांक्याश प्रयोग गरेको भन्ने मानिदैंन । संविधान जारी भएको झण्डै डेढ वर्षपछि अर्थात् २०७३ माघ ८ गते जारी स्थानीय तह निर्वाचन ऐनमा कार्यकाल समाप्त हुन २ महिना अघि नै निर्वाचन सम्पन्न हुनुपर्ने विषय भएकाले जोडदार रूपमा यो माग बढाइएको छ । ऐनले भनेअनुसार यो माग पनि बेठिक छैन तर, निर्वाचन गराउने जिम्मा लिएको निर्वाचन आयोग नै सो समय सीमा अर्थात् चैत्र ५ गते निर्वाचन गराउन नसकिने भनेर पन्छिसकेको छ । ५० भन्दा बढी निर्वाचन प्रक्रिया पूरा गराउन घोषणा भएको मितिले कम्तिमा १२० दिन चाहिने विषय उठाएर वैशाख १४ र २२ मा निर्वाचन गराउन माघको यही हप्ताभित्र मिति तोकिहाल्नुपर्ने अडान निर्वाचन आयोगले राखेको छ ।

२०७४ को वैशाख ३१ गते, जेठ १४ गते र असोज २ गते गरी तीन चरणमा स्थानीयतहको निर्वाचन सम्पन्न भएको धरातलीय अवस्थामा मिति कुनलाई मान्ने भन्ने जडताभित्र दलहरू अल्झिइरहनु हुँदैन । अहिले सत्तारूढ गठबन्धनभित्रका नेकपा (माओवादी केन्द्र), नेकपा (समाजवादी) र जसपालगायतका दल तथा कांग्रेसभित्रको एक तप्काले तीन वटै तहको निर्वाचन एकैसाथ गर्ने गरी कात्तिकको अन्तिम वा मंसिरको सुरूवातमै निर्वाचन सम्पन्न गर्न सकिने धारणा बनाउँदै गरेको देखिन्छ । यसक्रममा नेकपा (माओवादी केन्द्र)ले आधिकारीक मिति प्रस्ताव नगरेपनि तीन वटै तहको निर्वाचन एकसाथ गराएर राज्यको बोझ कम पार्ने तथा नागरिक एवं मतदातालाई सहज बनाउने गरी आधिकारीक धारणा सार्वजनिक गरेको छ ।

निश्चय पनि स्थानीय तहको राजनैतिक रिक्तताले संघीयताबारे जनस्तरमै नकारात्मक धारणा आउन दिइनु हुँदैन । अहिले अपवादलाई मूल सिद्धान्त मान्न नसकिने तथा प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल एक वर्ष थप्न पाइने संवैधानिक व्यवस्था जस्तो स्थानीयतहका बारे प्रष्ट नभएको विषय उठाइएको छ । संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीयतहका अधिकार कुण्ठित हुने संवेदनशीलता पनि तेर्साइएको छ । तर, अर्को ६ महिनासम्मलाई संविधानले नै वैधता दिएको कारण स्थानीय तहहरू आफै क्रियाशिल हुने कुरा निश्चित छ । सोसँगैसँगै प्रचण्डले वैशाखमा प्रस्ताव गरेको



> अहिले खर्च र सहजताको विषय पनि उठेको छ । राम्रो प्रस्ताव जसले सार्वजनिक गरेपनि स्वीकार्नु पर्दछ । तिनै तहको निर्वाचन गर्दा राज्यको अरबौं सम्पत्ति पनि बचत हुने, उम्मेदवार, दल र कार्यकर्ताको परिचालनमा खर्च कमी आउने, नागरिक तथा मतदातालाई सहज हुने अवस्थाका कारण पनि तीनै तहको निर्वाचन संवैधानिक सीमाभित्र रहेर गर्न सकिने अवस्था प्रष्ट रहेको छ ।

अर्लि इलेक्सनको धारणालाई सर्वोच्चको अघिल्लो फैसलाले क्रस गरिसकेको विषय पनि अर्को कोणबाट उठाइएको छ । ठिक यही बेला निर्वाचन गराउने निर्वाचन आयोग नै ऐनले भने अनुसारको चैत्र ५ मा निर्वाचन गर्न नसकिने भन्दै तत्काल घोषणा भएमात्र वैशाखमा हुन सक्ने कुरा बोलेको छ ।

यीनै प्रस्ताव र छलफलमा दलहरू जुटिरहेका बेला कोरोनाले मुलुकलाई थप आक्रान्त बनाएको छ । अहिले दुई हजार बढिको संख्यामा सुरक्षाकर्मी नै संक्रमित भएको, ३ हजार बढिको संख्यामा स्वास्थ्यकर्मी संक्रमित भएको र ७५ हजार बढीको संख्यामा सक्रिय संक्रमित रहेको तथ्य आएको छ । महामारी केही समयमै नियन्त्रण भै हाल्ला जस्तो नदेखिएको वर्तमान विषम र जटिल परिस्थितिमा निर्वाचन आयोगलाई १२० दिनको तयारी समय दिएर वैशाखभित्रै चुनाव सम्पन्न हुन सक्ने स्थिति कही कतैबाट देखिएको छैन ।

यस्तो बेला सहमतिको विकल्प पनि छैन । ६ हजारको संख्यामा गोदावरी भेलाले गरेको एमाले निर्णयलाई आवश्यकता बोधसहित चितवनको १ घण्टे बैठकले पदाधिकारी र संरचना परिमार्जन गरेकोलगायत दलहरूले आवश्यकतामा निर्णयहरू फेरबदल गर्ने गरेको उदाहरण हाम्रा सामु प्रष्ट छन् । प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको यो सरकारले संवैधानिक सीमाभित्र तीनै तहको निर्वाचन जसरी पनि सम्पन्न गराउनुपर्ने बाध्यता छ । त्यसका लागि आवश्यकता, बाध्यता र अनुकुलताको सही संयोजनमा परिपक्व निर्णय गरिनु बान्छनीय छ । यो विषम परिस्थितिमा स्थानीयतहको निर्वाचन सीमाको ६ महिनाभित्र गर्दा आकासै खसिहाल्ने स्थिति छैन । न त यो अवधिमा गठबन्धनकारी दलहरूमा एकता भएर अन्य दलहरूको हुर्मत लिन सक्ने स्थिति नै छ ।

अहिले खर्च र सहजताको विषय पनि उठेको छ । राम्रो प्रस्ताव जसले सार्वजनिक गरेपनि स्वीकार्नु पर्दछ । तिनै तहको निर्वाचन गर्दा राज्यको अरबौ सम्पत्ति पनि बचत हुने, उम्मेदवार, दल र कार्यकर्ताको परिचालनमा खर्च कमी आउने, नागरिक तथा मतदातालाई सहज हुने अवस्थाका कारण पनि तीनै तहको निर्वाचन संवैधानिक सीमाभित्र रहेर गर्न सकिने अवस्था प्रष्ट रहेको छ ।

यसैगरी निर्वाचन प्रणालीमा भएका बेथितिलाई हृदयंगम गरी ऐन तथा कानुनहरू संशोधन हुनुपर्ने अवस्था उत्तिकै टड्कारो छ । २०७४ मा निर्वाचन जितेका संघीय सांसददेखि स्थानीय जनप्रतिनिधिहरूको ठूलो संख्याले उतिबेलादेखिको ऋण तिर्न नसकेको अवस्था छ । भ्रष्टाचारको जड तथा स्रोत साधनमाथिको होडबाजी, झगडा, पार्टीभित्र विग्रह र फुटको मुल जरोसमेत यसैसँग जोडिएको छ ।

यदि लोकतान्त्रिक सभ्यता सापेक्ष गणतन्त्रको विकास हुन सकेन भने बेथितिहरू बढेर उपलब्धि पुरै नष्ट हुने खतरा छ । ढिलो होस्, राम्रो होस् भन्नैपर्ने र मुलुकको यस्तो सत्यलाई स्वीकार्न पर्ने अवस्थामा भद्रगोलमा गोल हान्ने कुरा वा बेथितिमा जित्ने कुराले खास अर्थ राख्दैन । अहिलेको प्रणाली नसुधारिकन चुनावमा जाँदा त्यसको परिणाम समाजवाद सापेक्ष नआउने कुरा प्रष्ट भएकाले पनि दलहरूले आफ्नो ध्यान त्यतातर्फ बढाउनै पर्ने जरूरी छ ।

अर्को महत्वपूर्ण पक्ष, सबै नेपाली नागरिकको मतदान अधिकार हो । सूचना प्रविधिको यो युगमा नागरिकता नम्बर र मतदान अधिकार भएका चालिसौ लाख नेपाली देश बाहिर छन् । उनीहरूले पठाएको पैसाले राष्ट्रको गर्जो धानिएको छ । आफ्नै अगाडि अरू देशका नागरिकहरूले मोबाइलबाट भोट दिन पाइरहेका बेला नेपालीहरू मन खिन्न पार्नु परेको अवस्था छ ।

कोरोना बढेसँगैको जटिल, विषम र प्रतिकूल स्थिति, निर्वाचनको प्रक्रियाका लागि सहज समय, भ्रष्टाचार, बेथिति र दलभित्रको अराजकता अन्त्य हुने गरी निर्वाचन ऐन, कानुन र नियमहरू परिमार्जन गर्ने अवसर, विदेशमा रहेका नागरिकलाई मतदान गराउने प्रविधिको बहस, विकास र व्यवस्थापन, महामारी तथा स्वास्थ्य प्रोटोकलको ख्याल, राज्य, दल, उम्मेदवार, कार्यकर्ता र जनताले गर्ने निर्वाचन खर्चमा भारी बचतजस्ता कुरा ख्याल गरी संवैधानिक सीमाको अर्को ६ महिनाभित्रमा चुनावको सहमति नै देशको लागी परिपक्क निर्णय हो । ऐन र मितिमा अल्झेर होइन, संवैधानिक सीमाको ख्याल गरेर व्यापक सहभागीतासहितको निर्वाचनमा जाँदा देश, जनता, दल, नेता, कार्यकर्ता र आम मतदाताको हित हुने कुरामा जोड गरौ ।

*(तिवारी नेकपा (माओवादी केन्द्र) निकट नेपाल बुद्धिजीवी संगठनका केन्द्रीय सह-संयोजक हुन् ।)*

## सामाजिक सञ्जाल



**- ठुले घिमिरे**

६ महिनादेखि संवैधानिक परिषद्को बैठक बस्न सकेको छैन । संवैधानिक नियुक्ति हुन सकेको छैन । विभिन्न मुलुक राजदूत बिहिन छन । नेपालको छवि अन्तराष्ट्रिय स्तरमा कहाँ पुग्यो होला ? देशमा स्थिरता र स्थायित्व छैन । कहाँ गयो विधिको शासन ? सुशासन र स्थायित्वको आधार त सिटामोलमा गएर टुङ्गिएको जस्तो छ ।



**- बसन्त**

रोल्पामा अहिले सिटामोलको हाहाकार छ । झाडा पखाला लागेका बिरामीको नाउँमा जीवन जलको पुरीया मात्र छ । त्यो पनि एक बिरामी दुई पुरीया । त्यहिँबाट १० वर्ष अगाडी चल्पल लगाएर काठमाडौं छिरेका क्रान्तिकारी कमरेड चाहिँ चाटर्ड विमानमा विदेश पुगेर उपचार गरेर आउने हैसियत बनाउछन् ।



**- रमेश कुमार**

धनी व्यापारीको पोल्टामा कृषि अनुदान ! नीति निर्माण र कार्यान्वयनमा त्रुटि छ । आफैं बैंक चलाउने धन कुवेर पवन गोल्यानले कृषि ऋणमा सरकारी ढुकुटीबाट ब्याज अनुदान पाइरहेका छन् । यी माटो र गोबर खेलाउने किसानले पाउँदैनन्, १८ प्रतिशत ब्याज तिर्नुपर्छ ।



**- नारायण वाग्ले**

ठूला अस्पतालको सदा अनुभव : शौचालय छ, साबुन छैन । शैया छ, सजिलै पाइन्न । रगत खोज्न सहर चाहार्नु पर्छ । कुरूवाको काम बिरामीलाई खुवाउने, औषधी किन्न दौडिने, सिउसिउ गर्दै चिसो भुईमा जाग्राम बस्ने । शैयामा समेत न्यानो छैन भने देशमा बिजुलीको आन्तरिक उपभोग बढाउने कहाँ हो ?



**- खगेन्द्र संग्रौला**

मेरा आइजाइका साधन बस-टेम्पो थिए, जोर बिजोरे नियमले मेरा साधन नै हरण गरिदियो । दुई बाहनमा बाँडिने यात्रु एउटैमा कोचिँदा बस र टेम्पोमा चढिनसक्नु भो । जोरबिजोरले भीड र संक्रमण बढाएको हेर्न सिडिओ सापहरूले यसो बस र टेम्पोमा चढि हेर्ने कष्ट गरिदिए बुद्धिको बिर्को खुल्थ्यो कि !

# ट्रान्सपरेन्सीको प्रतिवेदन र भ्रष्टचार नियन्त्रण

हामीले संविधानमा नै सुशासनलाई राज्यको साधन र साध्य दुवै रूपमा आत्मसाथ गर्दै भ्रष्टाचार नियन्त्रणका लागि नीति, विधि र संवैधानिक निकायको व्यवस्था गरेका छौं ।

टिप्पणी



● प्रदीप पौडेल

> सुशासन कायम गर्ने संस्थाहरू किन झनै कमजोर बन्दै गएका छन् । यस्ता संस्थाहरूको काम कारबाहीप्रति सघन बहस हुन जरुरी छ । संस्थागत रूपमा हाम्रा संयन्त्रहरू बलियो नभएसम्म हामीले जतिसुकै सुशासनका कुरा गरे पनि यसको प्रभावकारी अभ्यास गर्न सकिँदैन ।

भ्रष्टाचारविरुद्धको संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलले गरेको भ्रष्टाचार मापन अवधारणा सूचकांकमा नेपालले भ्रष्टाचारविरुद्ध उपलब्धि हासिल गर्न नसकेको देखाएको छ । लामो समयदेखि देशमा व्याप्त भष्ट्राचारले झनै प्रश्रय पाउँदै गएको छ, यो अत्यन्तै गम्भीर विषय हो ।

२०६२/०६३ को जनआन्दोलन पछाडि हामीले प्राप्त गरेका उपलब्धिहरूलाई अझै पनि संस्थागत विकास गर्न सकिरहेका छैनौं । हामीले संविधानमा नै सुशासनलाई राज्यको साधन र साध्य दुवै रूपमा आत्मसाथ गर्दै भ्रष्टाचार नियन्त्रणका लागि नीति, विधि र संवैधानिक निकायको व्यवस्था गरेका छौं । भ्रष्टाचार नियन्त्रण गर्न; भ्रष्टाचार निवारण ऐन, सुशासन ऐन, सार्वजनिक खरिद ऐन, राजस्व चुहावट (अनुसन्धान तथ नियन्त्रण ) ऐन, सम्पत्ति शुद्धीकरण ऐनजस्ता कानुनी व्यवस्था र अख्तियार दुरूपयोग अनुसन्धान आयोग, विशेष अदालत, न्याय परिषद्, राष्ट्रिय सतर्कता केन्द्र, राजस्व अनुसन्धान विभाग, महालेखा परीक्षकको कार्यालय, संसद एवम् संसदीय समिति, सैनिक विशेष अदालत जस्ता संस्थाहरू पनि छन् । तर, यी सबै संस्थाहरुले काम गर्न किन सकिरहेका छैनन् ?

सुशासन कायम गर्ने संस्थाहरू किन झनै कमजोर बन्दै गएका छन् ? यस्ता संस्थाहरूको काम कारबाहीप्रति सघन बहस हुन जरुरी छ । संस्थागत रूपमा हाम्रा संयन्त्रहरू बलियो नभएसम्म हामीले जतिसुकै सुशासनका कुरा गरे पनि यसको प्रभावकारी अभ्यास गर्न सकिँदैन । त्यसैले, भ्रष्टचार निर्मूल पार्नका लागि निम्न विषयहरूमा ध्यान दिन जरुरी छ ।

- भ्रष्टाचार नियन्त्रणका लागि हाम्रा संस्थाहरुलाई लोकतान्त्रिक विधिबाट गतिशील र चलायमान बनाउनु पर्छ । बलिया लोकतान्त्रिक संस्थाहरू निर्माण गर्नुपर्छ, यस्ता संस्थामा हुने अनावश्यक राजनीतिक हस्तछेप अन्त्य गरिनुपर्छ ।
- व्यक्ति होइन विधिको शासन हुनुपर्छ । विधिको शासन भित्र स्वतन्त्र न्यायपालिका, मानव अधिकार, समान सहभागिता, रङ, वर्ण, जात, लिङ्ग, भाषा, क्षेत्र, क्षमताको आधारमा भेदभावको अनुपस्थिति, प्रशासनिक उत्तरदायित्व, सामाजिक संवेदनाशिलता, नैतिक दृष्टकोण र आचरण, वातावरणको सुरक्षा, आदि जस्ता मानवीय र सामाजिक आयमहरुलाई व्यवहारिक रुपमा चित्रण गर्न प्रेरित हुनुपर्छ ।
- नागरिकको स्वतन्त्रता, मानव अधिकार र न्यायसंगत समाज निर्माणको लागि राज्यले उत्तरदायी संस्थाको रूपमा काम गर्नुपर्छ । सरकारले प्रतिनिधि संस्था भन्दा पनि उत्तरदायी संस्थाको रूपमा काम गर्नुपर्छ ।
- सरकारले सञ्चालन गर्ने हरेक कार्यक्रम जवाफदेहि र पारदर्शी हुनुपर्छ । जनताप्रति जवाफदेही र पारदर्शी व्यवस्थालाई मात्रै लोकतान्त्रिक व्यवस्था मान्न सकिन्छ । जनताप्रति उत्तरदायी व्यक्ति वा सस्थाले मात्रै शासनको वैधता प्राप्त गर्दछ ।
- शासन सञ्चालनका विषयमा जनताले सहज रूपमा पाउनुपर्ने सूचना र उपस्थितिको सुनिश्चितता हुनपर्छ ।
- जनतासँग प्रत्यक्ष जोडिने प्रतिनिधि र कर्मचारीको व्यक्तित्व, नैतिक चरित्र, मनोविज्ञान र कार्यशैली र अनुशासन बारेमा प्रर्याप्त बहस हुनपर्छ ।
- सेवा प्रवाहको शैली परम्परागत र झन्झटिला छन् । तिनको तत्काल स्तरउन्नती गरी सहज र सरल बनाउनुपर्छ ।

यतिमात्र होइन, सुशासनको विषय हाम्रो सामाजिक संरचना र सामाजिक प्रचलनहरूसँग पनि जोडिन्छ । हाम्रो सामाजिक संरचनाले कस्तो व्यक्ति पैदा गरिरहेको छ ? आजको नेपाली समाज र त्यहाँभित्रको परिवारले समाजको एजेण्टका रुपमा व्यक्तिलाई हुर्काइरहेको परि स्थितिले सुशासनका विषयमा महत्वपूर्ण भूमिका खेल्छन् । त्यसैले प्रश्न राज्यको सेवा प्रवाहको मात्रै होइन, हाम्रा सामाजिक संरचनाभित्र रहेका गडबडीको पनि हो । सुशासनको विषयलाई सामाजिक अन्तरविरोधको उपजका रुपमा बुझ्ने, त्यसलाई पहिचान गर्ने र परिवारदेखि नै सुशासनका अवरोधलाई हल खोज्ने विधि हामीलाई आवश्यक छ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nepal Life Recrutiment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com

## साउदीमा रोजगार | कम्पनी : KHALID SALEH AL-NOAIMI EST FOR RENT EQUIPMENT
शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/१०/११ चलानी नं.: ६०१७३४४१ LT. No.: 256762

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २० गते (3 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. ५२३/०६१/०६२
पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३५७६३१, फ्याक्स: ४३८१११७ मो. ९८५१२८४४५३, ९८४३८८१४८९, डाईरेक्ट नं. ४३८५४९९
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com

## साउदीमा रोजगार | कम्पनी: Branch Of Ibrahim Mohamed Al Wahaibi Est For Transport
शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/१०/१० चलानी नं.: ६०१७३३१८ LT. No.: 256648

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Maintenance Labor | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 6 | 0 | | 1900 | ६०,४५८ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २० र २१ गते (3 & 4 February 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kanchanjunga Overseas Pvt. Ltd.**
Govt. Lic. No. 582/062/063
Gyankunja Marga, Shantinagar, Kathmandu, Tel.: 4621331, 4621332
E-mail : kanchanjungha582@gmail.com, Web.: www.kanchanjunghaoverseas.com

बाइडेनको चेतावनी

# ‘पुटिनमाथि नै प्रतिबन्ध लाग्न सक्छ’

**काठमाडौं/एजेन्सी–** अमेरिकी राष्ट्रपति जो बाइडनले युक्रेनमा सैन्य आक्रमण गरे रुसका राष्ट्रपति भ्लादिमिर पुटिनमाथि व्यक्तिगत रुपमा प्रतिबन्ध लगाउन सकिने दाबी गरेका छन् । अमेरिका तथा युरोपेली देशका नेताहरुले रुसमाथि युक्रेनमा सैन्य आक्रमण नगर्न चेतावनी दिइरहेका बेला बाइडनले पुटिनमाथि व्यक्तिगत तहमै प्रतिबन्ध लगाउन सकिने बताएका हुन् ।

युक्रेनमाथि आक्रमण भए तपाईं रुसी राष्ट्रपतिमाथि व्यक्तिगत रूपमै प्रतिबन्ध लगाउनु हुन्छ ? भनेर सञ्चारकर्मीले सोधेको प्रश्नको जवाफमा बाइडेनले हो भनेका थिए । उनले युक्रेनको सिमाना पार गर्ने आक्रामक कदमले विश्वव्यापी रूपमा असाधारण परिणाम निम्त्याउने र यो दोस्रो विश्वयुद्धपछिको सबैभन्दा ठूलो आक्रमण हुनसक्ने बताए ।

बाइडेनले त्यस्तो अवस्थाले पूर्वी युरोपमा नेटोको उपस्थितिलाई बलियो बनाउन आफू बाध्य भएको महसुस गराउनसक्ने पनि बताए । उनले भने, ‘हामीले के स्पष्ट गर्नुपर्छ भने नेटोका कुनै पनि सदस्यले चिन्ता लिनुपर्ने कुनै कारण छैन नेटो उनीहरूको रक्षामा आउँछ ।’

करिब एक लाख सैनिक सीमा क्षेत्रमा तैनाथ गरेको रुसले युक्रेनमाथि आक्रमणको



तयारी गरेको अमेरिका र युरोपेली देशको आरोप छ । तर रुसले भने युक्रेनमा सैन्य आक्रमणको योजना नरहेको दाबी गर्दै आएको छ । रुसले भने अमेरिका सहितका देशहरुले तनावलाई लम्ब्याएको आरोप लगाएको छ ।

यसैबीच युक्रेनलाई लिएर तनाव बढिरहेका बेला अमेरिकाले पनि करिब ८ हजार ५ सय सैनिकलाई उच्च सतर्क अवस्थामा राखिएको जनाएको हो । डेनमार्क, स्पेन, फ्रान्स र नेदरल्याण्ड्स सहितका नेटो सदस्य राष्ट्रहरुले युरोपेली क्षेत्रको सुरक्षा अवस्थामा रुसी जोखिम बढेको भन्दै सुरक्षा मजबुद बनाउन युद्ध विमान तथा वारसिप पूर्वी युरोपमा पठाउनेबारे विचार गरिरहेका छन् ।

दुई दिनअघि अमेरिकी विदेश मन्त्रालयले युक्रेनस्थित आफ्नो दूतावासका कर्मचारीका आफन्तलाई उक्त देश छाड्न आदेश दिएको थियो ।

# ओमिक्रोनका लागि खोप परीक्षण शुरु

**काठमाडौं/एजेन्सी–** फाइजर र बायोएनटेकले ५५ वर्ष उमेर समूहका वयस्कमा आफ्नो ओमिक्रोन-विशेष कोभिड-१९ खोपको सुरक्षा र रोग प्रतिरोधात्मक प्रतिक्रिया परीक्षण गर्न क्लिनिकल परीक्षण शुरु गरेको कम्पनीहरूले जानकारी दिएका छन् ।

फाइजरका कार्यकारी अधिकृत अल्बर्ट बोरलाले पत्रकार सम्मेलनमा भने, ‘खोप तथा औषधीहरूको विकास र अनुसन्धान गर्ने विशाल यो कम्पनीले मार्चसम्ममा पहिलो नतिजा निकाल्ने प्रयास गरिरहेको छ ।’ कम्पनीको खोप अनुसन्धान प्रमुख क्याथ्रिन जानसेनका अनुसार हालको तथ्यांकले कोभिडको यस पहिलेका भाइरसका लागि तयार पारिएको बुस्टर मात्राले पनि ओमिक्रोनबाट आउनसक्ने गम्भीर खतरालाई टाढा गर्ने अनुसन्धानले



पुष्टि भइसकेको छ । यद्यपि यसबाट आउनसक्ने दीर्घकालीन असरबारे सावधानीसाथ अध्ययन भइरहेका छन् ।

उनले भने, ‘समय बित्दै जाँदा यो सुरक्षा घट्दै गएको अवस्थामा र भविष्यमा ओमिक्रोन र नयाँ विविधताहरू समाधान गर्न सम्भावित मद्दत गर्न हामी तयार हुनुपर्ने आवश्यकतालाई स्वीकार गर्छौं ।’

जर्मनी कम्पनी बायोएनटेकका प्रमुख कार्यकारी अधिकृत उगुर साहिनले बताएअनुसार हल्का र मध्यम कोभिडविरुद्ध लड्न बनाइएको पूरानो खोपको सुरक्षाले ओमिक्रोनविरुद्ध अपेक्षित रूपमा काम नगरेको बताए । उनले भने, ‘यो अध्ययन विज्ञानमा आधारित विभिन्न खोप विकास गर्ने हाम्रो तरिकाको एउटा भाग हो । यसले पहिलेको विविधताविरूद्ध हाम्रो खोपले लामो समयसम्म सुरक्षा दिन्छ र यो ओमिक्रोनका लागि पनि उपयोगी छ यद्यपि यसको प्रतिरोधात्मक क्षमता ओमिक्रोनको विरामीमा अन्य विरामीको तुलनामा कम प्रभाबकारी पाइएको छ । यसबारे थप अनुसन्धान जारी छ ।’

यस विषयमा १८-५५ वर्षका एक हजार ४२० व्यक्तिहरूमा तीन समूहमा विभाजन गरी परीक्षण तथा अनुसन्धान जारी छ । फाइजरका प्रवक्ताले एएफपीलाई बताएअनुसार यसमा ५५ वर्षभन्दा बढी उमेरका मानिसहरू समावेश गरिएका छैनन् किनभने अध्ययनको लक्ष्य खोप प्रभावकारिताको अनुमान गर्नुको सट्टा सहभागीहरूको रोग प्रतिरोधात्मक प्रतिक्रिया जाँच्नु रहेको छ ।


# भारतमा दैनिक संक्रमितको संख्यामा फेरि वृद्धि

**काठमाडौं/एजेन्सी–** भारतमा कोरोनाभाइरसबाट दैनिक संक्रमितहरुको संख्यामा फेरि वृद्धि भएको छ । बुधबार विहान सार्वजनिक गरिएको विवरणअनुसार भारतमा थप दुई लाख ८५ हजार ९१४ जना नयाँ संक्रमित भएका छन् ।

संघीय स्वास्थ्य मन्त्रालयले अघिल्लो दिन मंगलबार भने भारतमा थप दुई लाख ५५ हजार ८७४ जना नयाँ संक्रमित भएको विवरण सार्वजनिक गरेको थियो । कुल संक्रमितहरु मध्ये ९३.२३ प्रतिशत अहिलेसम्म संक्रमणमुक्त भइसकेका छन् । ती मध्ये दुई लाख ९९ हजार ७३ जना पछिल्लो २४ घण्टामा संक्रमणमुक्त भएका छन् । पछिल्लो समय एउटै अवधिमा नयाँ संक्रमितहरुको संख्याभन्दा संक्रमणमुक्त भएकाहरुको संख्या धेरै देखिएको छ । त्यसैले भारतमा सक्रिय संक्रमितहरुको संख्या पनि घट्दै गएको छ । भारतमा अहिले सक्रिय संक्रमितहरुको संख्या २२ लाख २३ हजार १८ रहेको छ । जवकी अघिल्लो दिन २२ लाख ३६ हजार ८४२ रहेको थियो । भारतमा कोरोनाभाइरस संक्रमितको संख्या चार करोड नाघेको बुधबार जनाइएको छ । बुधबार बिहान सार्वजनिक गरिएको विवरणअनुसार भारतमा थप दुई लाख ८५ हजार ९१४ जना नयाँ संक्रमित भएपछि कुल संक्रमितको संख्या चार करोड ८५ हजार ११६ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जानकारी दिएको छ ।

यसै अवधीमा कोरोना सङ्क्रमणबाट ६६५ जनाको मृत्यु भएपछि कोरोना शुरु भएदेखि हालसम्म यस संक्रमणबाट मृत्यु हुने व्यक्तिको संख्या चार लाख ९१ हाजार १२७ जनाको मृत्यु भएको पनि सो मन्त्रालयले जनाएको छ ।

## कम्बोडिया र मलेसियाका प्रधानमन्त्रीबीच फोनवार्ता



**काठमाडौं/एजेन्सी–** कम्बोडिया र मलेसियाका प्रधानमन्त्रीबीच फोनवार्ता भएको छ । उनीहरुबीच मंगलबार फोनमा कुराकानी भएको कम्बोडियाली विदेश मन्त्रालयले जनाएको छ ।

कम्बोडियाका प्रधानमन्त्री सम्डेक टोको हुनसेन र मलेसियाली प्रधानमन्त्री इस्माइल साबिरी याकोबीचको सो फोनवार्तामा द्विपक्षीय विविध विषयमा कुराकानी भएको थियो ।

कम्बोडिया एसोसिएसन अफ साउथ इस्ट एसियन नेसन, आसियनको सन् २०२२ का लागि अध्यक्ष राष्ट्र पनि हो । त्यस फोनवार्ताका क्रममा आसियनका पनि विभिन्न विषयहरुमा छलफल भएको पनि कम्बोडियाको विदेश मन्त्रालयले मंगलबार प्रकाशन गरेको प्रेस वक्तव्यमा जानकारी दिएको छ ।

त्यस फोनवार्ताका क्रममा कम्बोडियाली प्रधानमन्त्री हुनसेनले हाल कम्बोडियामा काम गरिरहेका मलेसियाली नागरिकहरुलाई कोभिडका विरुद्धको खोपदेखि अरु पनि सहयोग गर्ने बाचा गरेको बताइएको छ । उनीहरुबीच कोभिड महामारीका विरुद्धमा एक भएर लड्ने र एक आपसमा सहयोग उपलब्ध गराउने विषयमा पनि समभ्दारी भएको पनि उक्त वक्तव्यमा बताइएको छ ।

## बेलायतमा फेब्रुअरी ११ देखि सबै प्रतिबन्ध हट्ने




**काठमाडौं/एजेन्सी–** बेलायतमा कोरोनाभाइरसको महामारी न्युनिकरणका लागि लगाइएका सवै प्रतिबन्धात्मक व्यवस्था हटाइने भएको छ । अर्को महिना फेब्रुअरी ११ देखि सवै प्रतिवन्धात्मकव्यवस्था हटाउने निर्णय लागू नै हुने अधिकारीहरूले जानकारी दिएका छन् ।

प्रतिबन्धात्मक व्यवस्था हटाइएसँगै भारतलगायतका देशबाट बेलायत प्रवेश गर्नलाई पनि अब खुल्ला हुने भएको छ । तर ती यात्रुहरूले खोपको पुरा मात्रा लगाएको हुनुपर्ने शर्त भने राखिएको छ । यातायात विभागर स्वास्थ्य तथा सामाजिक सुरक्षा विभागले सूचना जारी गर्दै आगामी फेब्रअरी ११ तारिखको विहान ४ बजेदेखि सवै प्रतिवन्धात्मक व्यवस्थाहरु हट्ने स्पष्ट पारेको छ । पुरा मात्राको खोपलगाएका विदेशबाट आएका यात्रुहरुले पनि त्यो दिनदेखि आइसोलेसनमा बस्नु नपर्ने र पिसिआर परीक्षणको नतिजा देखाउनु नपर्ने सूचनामा उल्लेख गरिएको छ ।

त्यसैगरी १२ बर्षदेखि १५ बर्षसम्मका बालबालिकाहरुलाई भने इङ्गल्याण्डमा हिडडुल गर्नका लागि खोप लगाएको प्रमाण देखाउनु पर्ने व्यवस्था गरिएको छ । यात्रासम्वन्धी धेरै नीति फेब्रुअरीदेखि परिवर्तन हुने भएको छ । यही बेलामा सरकारले सवैलाई अतिरिक्त खोपको व्यवस्था गर्ने लक्ष्य राखेको छ ।


## चौकुने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गुट्टु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७८/१०/१३)**

यस कार्यालयले तपशीलका निर्माण सामाग्री खरीद गर्नको लागि मिति २०७८।०९।२६ गते प्रकाशित दरभाउ पत्र आह्वान सम्वन्धि सूचना बमोजिम पेश भएका तपसिल बमोजिमका दरभाउ पत्रहरु न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ दरभाउपत्र पेश गर्ने सम्वद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील:**

| सि.नं | दरभाउपत्रप्याकेज नम्बर | दरभाउपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु (भ्याट सहित) |
|---|---|---|---|
| १. | Procruement And Supplying Of NS -40 Standard Differents Size Of HDEP Pipe CRM/SQ/ GOODS/01/078-079 | New Jaya Laxmi Suppliers Birendranagar -1, Surkhet | 1004909/- |
| २. | Procrument And Supplying Of cement and different size of steel reinforcement CRM/SQ/ GOODS/02/078-079 | New Radha Krishna Traders Birendranagar Surkhet | 1497057.9/- |
| ३. | Procruement And Supplying Of Different Size Of Prescasted NP-3 Class Hume Pipe CRM/SQ/ GOODS/03/078-079 | Bageshwari Hume Pipe And Bidhut Udhog Pvt. ltd. | 1498662.5/- |

**प्रमुख प्रशासकीय अधिकृत**



## शे-फोक्सुण्डो गाउँपालिका
ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྐྱི་ཁྲབ་ལྷན་ཁང་།
## गाउँ कार्यपालिकाको कार्यालय
साल्दाङ, डोल्पा
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०७८।१०।१३**

यस कार्यालयबाट प्रकाशित तपसिलमा उल्लेखित कार्यविवरणसँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र दर्ता भएका बोलपत्र मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृतीको आशयको प्रयोजनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उप दफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ ।

**तपसिल:**

| बोलपत्र/ठेक्का/ प्याकेज नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|
| SPRM/NCB/ DOP/WORKS/ 2078-079-2 | Karang Kangzong Riksung Basic school Building Construction works | **Pema Caravan Construction and Suppliers Pvt. Ldt.,** SHE PHOKSUNDO RURAL MUNICIPALITY-04, DOLPA | Rs. 4967281.70 |

**प्रमुख प्रशासकीय अधिकृत**



## Shree Panchakrishna Secondary School
Sahidbhumi Rural Municipality-04, Piple, Dhankuta
Province-01, Nepal

**Invitation for Online Bid**

**Date Of Publication: 27 - Jan – 2022 (Magh 13, 2078)**

1. Shree Panchakrishna Secondary School, Sahidbhumi-04, Dhankuta invites electronic bids from **Nepalese** eligible bidders for the Construction of under School **Building** of following works:

| Contract Identification Number | Description and location of work | Bid Document Fee (NRs) | Estimate Amount Without VAT (NRs.) | Bid Security Amount (NRs) | Bid Security Validity Period (days from the date of bid opening) | Remarks |
|---|---|---|---|---|---|---|
| **SPSS/ BLDG/78/79-01** | Construction work at Shree Panchakrishna Secondary School, Sahidbhumi-04, Dhankuta | 3000.00 | **12310433.73** | **4,20,000/-** | 120 Days | E- Bid |

2. Purchase, Submission and Opening:

| SN | Purchase of Bid (Last Date/ Time) | | Submission of Bid | | Opening of Bid | | Remarks/Contract Identification Number |
|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | |
| 1. | 25- FEB-2022 | 17:00 | 27- FEB-2022 | 12:00 | 27- FEB-2022 | 13:00 | SPSS/BLDG/78/79-01 |

| Name of Office | Bank | Account No: | Account Name |
|---|---|---|---|
| Shree Panchakrishna Secondary School, Sahidbhumi-04, Dhankuta | Citizen International Bank Pvt.ltd, Sahidbhumi, Dhankuta | **0740100000029201** | **PANCHAKRISHNA MADHYAMIK BIDH** |

3. Tender Procedures shall follow Public Procurement Act and Public Procurement Rules (Tenth Amendment).
4. Bidders should deposit the equivalent fee for bidding document and bid security amount or submission of ‘A” class Bank Bid guarantee in the following Account within the date and time specified above.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shree Panchakrishna Secondary School,Sahidbhumi-04,Dhankuta or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
7. If the last date of purchasing and/ or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO’s website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding. Only e- bidding will be accepted for above contracts.
9. Pre-bid meeting shall be held at Shree Panchakrishna Secondary School,Sahidbhumi-04,Dhankuta 16-FEB-2022, 14:00 hours.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Principal**

# बक्स अफिस समाचार

## ‘धेरै लगानी गरेरमात्र फिल्म राम्रो बन्ने होइन’



प्रवासमा रहेर पनि नेपाली फिल्मलाई माया गर्ने निर्माण गर्ने निर्माताको रुपमा परिचित छन् किशोर दुङ्माली राई । उनी निर्मातासँगै एक सफल व्यवसायी, समाजसेवी तथा कलाकार पनि हुन् । उनी सिक्किम इस्ट माझिटारमा रहेको ‘सुन्दर रिसोर्ट’का फाउण्डर तथा सञ्चालक पनि हुन् । उनले निर्माण गरेको पहिलो चलचित्र ‘अंगालो यो मायाको’ हो भने अहिलेसम्म सिक्किममा बसेर पनि थुप्रै हिन्दी र नेपाली चलचित्र, म्युजिक भिडियो, डकुमेन्ट्री निर्माण गरिसकेका छन् । नेपाली कला क्षेत्रलाई औधी मन पराउने व्यवसायी तथा निर्माता **किशोर दुङ्माली राई**ले मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश :

**किशोर दुङ्माली राई**, निर्माता

**कसरी नेपाली फिल्ममा प्रवेश गर्नु भयो ?**

म निर्माताकै रुपमा यो क्षेत्रमा प्रवेश गरेको हो । सानैदेखि हिन्दी फिल्महरु हेर्थे । त्यो बेला कलाकार बन्ने खुब इच्छा जागेको थियो । नेपालमै बस्नु हुने मेरो साथी निर्देशक बिनोद सेरेङ राईसँगको आत्मियता र उहाँकै प्रेरणाले गर्दा यो क्षेत्रमा निर्माताको रुपमा प्रवेश गरें । उहाँसँगै मिलेर पहिलो फिल्म ‘अंगालो यो मायाको’ बनाएँ जुन व्यावसायिक रुपमा सफल पनि भयो ।

**फिल्म बनाउनु रहर हो कि बाध्यता ?**

फिल्म बनाउने चाहिँ सबैभन्दा पहिले त रहर हो । अहिले चाहिँ प्रोफेशनल रुपमै यही काममै आवद्ध छु ।

**नेपाली चलचित्र अहिले रचनात्मक कम र बजारमुखी बढी भयो भन्छन् नि, तपाईंलाई के लाग्छ ?**

चलचित्र बनाउने नै बजारको लागि हो र मुख्यत यो बजारमुखी नै हुनुपर्छ तर रचनात्मक हुन जरुरी छ । रचना बिना त फिल्म बन्ने कुरै भएन । अनि अर्को कुरा जेनरेशनलाई पनि टार्गेट गरेर फिल्म बनाउनु पर्छ । समयसँगै परिवर्तन गर्दै लान जरुरी छ ।

**तपाईंले चाहेको जस्तो कथामा फिल्म बनाउन पाउनु भएको छ ?**

मैले चाहेको जस्तो फिल्म त बनाएको छु



तर ति सबै व्यवसायिक रुपमै बनाएँ । एउटा ऐतिहासिक चलचित्र निर्माण गर्ने इच्छा छ त्यो पनि छिट्टै पुरा गर्छु भविष्यमा ।

**पछिल्लो समय निर्माताहरू नेपाली फिल्ममा लगानी गर्न डराउनुको कारण ?**

नेपाली फिल्मको बजार सानो छ । त्यसमाथि प्रतिस्पर्धा र क्वालिटीको फिल्म बनाएर व्यावसायिक रुपमा सफल हुनुपर्नेले गर्दा यो भएको हो ।

**सिक्किमको आँखाले नेपाली फिल्म क्षेत्र हेर्नुपर्दा के कमी भयो जस्तो लाग्छ ?**

कमी त खासै छैन कलाकार सबै ट्यालेन्ट नै हुनुहुन्छ । नयाँ पुस्ताले अझै राम्रै काम गर्नु भएको छ । अलिकति बजेट बढाएर राम्रो र स्तरीय काम गरे अझै राम्रो हुन्थ्यो कि ।

**उता बन्ने फिल्म र यता बन्नेमा के भिन्नता देख्नु हुन्छ ?**

खासै फरक त केही पाइन्न किन भने मैले काम गर्दा सबै जना नेपाली नै हुनुहुन्थ्यो परिवेश मिलेको हुनाले खासै त्यस्तो अनुभव भएन ।

**नेपाली दर्शक हलिउड, बलिउडबाट प्रभावित छन्, उनीहरूको चित्त बुझाउन कस्तो खालको फिल्म बनाउनु पर्ला ?**

सबै कुरा बजेट र निर्माण गर्दा गरिने कुराहरुमा भर पर्छ । फिल्मलाई स्तरीय बनाउने पाटो भनेकै टेक्निकल कुराहरुले गर्दा हो त्यता तिर अलि ध्यान दिन पाए चाहिँ त्यो कुरा दिन सकिन्छ कि भन्ने हो बाँकी हाम्रो कलाकार टेक्निसियन त सबै एड्भान्स नै छन् ।

**तपाई व्यावसायिक फिल्म बनाउन चाहनु हुन्छ कि आत्म सन्तुष्टिको लागि ?**

एउटा निर्मातालाई त व्यावसायिक रुपमै सफल चलचित्र बनाउन पाए राम्रो, राम्रो चलचित्र बनाएर व्यावसायिक रुपमा सफल हुनु भनेकै आत्मसन्तुष्टि हो नि ।

**सिक्किम बस्नुहुन्छ नेपाली फिल्ममा लगानी गर्नुको कारण ?**

सिक्किम बसे पनि म नेपाली भाषी नै हो । नेपाली भएपछि नेपाली फिल्ममा त लगानी गर्नै पर्‍यो ।

दार्जलिङ, अछाम, सिक्किम लगायतका स्थानमा नेपाली भाषीको बाहुल्यता भएपनि नेपाली फिल्म प्रदर्शन हुन नसक्नुको कारण के होला ?

यसमा अनेकन समस्या होला । व्यक्तिले पहल गरेरमात्र सम्भव हुने कुरा भएन । सम्बन्धित निकायबाट नै पहल हुनु जरुरी छ ।

**पछिल्लो समय परिवारसँग बसेर कुन नेपाली फिल्म हेर्नु भएको छ ?**

‘सम्झना’ भन्ने फिल्म हेरें । त्यसपछि चाहिँ समय नमिलेकोले खासै हेर्न पाको छैन ।

**सिक्किम सरकारले नेपाली चलचित्र उत्थानका लागि के कस्तो कार्य गरीरहेको छ ?**

अहिलेको वर्तमान सिक्किम सरकारले फिल्म प्रति एकदमै रुची राखेको पाइन्छ । अहिले भर्खर एउटा घोषणा पनि भएको छ यदी त्यहिको लोकल कलाकार राखेर चलचित्र छायांकन गरेमा आर्थिक रुपमा पनि सहयोग मिल्ने छ ।

**निर्देशक बिनोद सेरेङ्ग राईसँग तपाईंले काम गर्नु भयो, फेरि उहाँसँगको कामको अनुभव र भविष्यमा के कस्तो काम गर्दै हुनुहुन्छ ?**

बिनोद सेरेङ राई जिसँगको सम्बन्ध भनेको दाजु भाइको नाता जस्तै छ । एउटा परिवारिक समिप्यता । मित्रताको भावना भएको कारणले उहाँसँगै अझै थुप्रै कामहरु गर्छौ । त्यसैको सरसल्हाको लागि पनि म यतिबेला काठमाडौं आएको हुँ ।

**बलिउडमा फिल्म क्षेत्रलाई ठुलो उद्योगको रूपमा लिइन्छ नेपालमा त्यसो हुन नसक्नुको कारण ?**

त्यो कम्पेयर गर्नु भएको राम्रो कुरा होइन, हलिउड र बलिउडको आफ्नै स्थान छ हाम्रो चलचित्र आफ्नै स्थानमा छ । टेक्निकल रुपमा स्तरिय बनाउन सके अझै प्रोफेसन्यालिजम देखिन्छ ।

**ठुला घरानाका, संभ्रान्त भनिने र किशोर पुस्ता नेपाली चलचित्र भने पनि अझै नाक खुम्च्याउँछ, यस्तो अवस्थाको अन्त्य गर्न के गर्नुपर्छ ?**

अहिलेको जेनेरेशनलाई सुहाउने र मनपर्ने खालको कथाबस्तुमा चलचित्र बनाउन सके हलसम्म तान्न सकिन्छ जस्तो लाग्छ ।

**नेपालमा स्टारडमको भ्यालु कत्तिको देख्नु हुन्छ ?**

छ, अहिलेका जल्दाबल्दा कलाकारहरुको राम्रै भ्यालु छ । उहाँहरुको फ्यान क्रेज पनि राम्रै देख्छु ।

**कथा, कलाकार, क्यामेरा र पैसा भए चलचित्र बनाएर ‘बबाल कमाइन्छ’ भन्ने मनोवृत्ति प्रति तपाईंको धारणा ?**

यो गलत नै हो भन्छु किनभने फिल्म बनाउने सजिलो कुरा होइन, पैसामात्र लगानी गरेर फिल्म राम्रो बन्ने होइन र कमाइने पनि होइन । आर्थिक लगायत सबै पक्ष सशक्त भए मात्र फिल्म सफल बन्छ ।

**दर्शकलाई ‘उल्लु’ बनाउने फिल्म मेकर्सको चेष्टाले आफैंलाई लोप्पा ख्वाइदिन्छ जस्तो लाग्दैन ?**

दर्शकलाई उल्लु बनाउने हाम्रो काम होइन । दर्शकलाई त हामीले राम्रो फिल्म बनाएर मनोरञ्जन र चेतना फैलाउने हो । फिल्म भनेको समाजको ऐना हो । त्यसैले त्यो सोच राखेर काम गर्नु नै गलत हो । क्षणिक होइन सफल भएकै राम्रो ।

**पछिल्लो समय के को तयारी गर्दै हुनुहुन्छ ?**

अहिले ठुलो पर्दाको फिल्म नबनाए पनि सर्ट फिल्म र म्युजिक भिडियोहरु बनाउँदै छु । आउने दिनमा एउटा राम्रो आफुले सोचेको जस्तो फिल्म बनाउने सोच राखेको छु ।



## दीपकराजको व्यंग्य

**काठमाडौं/मस-** बुधबार केन्द्रीय तथ्यांक विभागले २०७८ को जनगणनाको प्रारम्भिक विवरण सार्वजनिक गरेको छ । सार्वजनिक विवरण अनुसार नेपालको कुल जनसंख्या दुई करोड ९१ लाख ९२ हजार ४८० पुगेको सार्वजनिक भएको हो ।

जनसंख्याको विवरण सार्वजनिक भएसँगै सामाजिक सञ्जालमा यसबारे टिकाटिप्पणी हुन थालेका छन् । यसअघि नेपालको कुल जनसंख्या तीन करोड भएको सुन्दै आएका नेपाली जनताले नयाँ विवरण आएसँगै सामाजिक सञ्जालमा यसबारे टिप्पणी सुरु गरेका हुन् ।

सामाजिक सञ्जालमार्फत आफ्नो विचार राख्ने कलाकार दीपकराज गिरीले पनि यसबारे आफ्नो टिप्पणी गरेका छन् । उनी लेख्छन्, ‘१० वर्ष भयो ३ करोड जनसंख्या भनेको । आज पनि २ करोड ९१ लाख मात्रै पो रहेछ । देशमा भ्रष्टाचार, गरिबी, हत्या हिंसा बढेको देखेर होला जनसंख्या बढ्न डराएछ गाँठे !’


# Kohalpur Municipality
## Office of Municipal Executive
Kohalpur , Banke

Lumbini Province, Nepal

## Invitation For Bids

**Date Of Publication:2078/10/13 ( Jan-27-2022 )**

Kohalpur Municipality, Office of Municipal Executive, Kohalpur ,Banke invites bid for eligible bidders for the following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT and PS (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BANKE/ KOMUN/ G/ SQ-02/2078/079 | Supply And Delivery of Different Medicines and Medical Co nsumables For Kohalpur Municipal Hospital Kohalpur,Banke | 45 days | 19,77,167.88 | 50,000.00 | 1000.00 | |
| 2 | BANKE/ KOMUN/G/SQ-03/2078/079 | Supply And Delivery of Different Surgical Items For Kohalpur Health Post Office Kohalpur Banke | 45 days | 12,61,541.4 | 30,000.00 | 1000.00 | |
| 3 | BANKE/ KOMUN/W/ SQ-04/2078/079 (Re-Bid) | Rajesh Kafle Ko ghar dekhi Purba Blacktop Road Construction works Kohalpur-03,Banke | 45 days | 1,072,061.73 | 30,000.00 | 1000.00 | |
| 4 | BANKE/ KOMUN/W/ SQ- 8/2078/079 (Re-Bid) | Tharu Gaun Tole Blacktop Road Construction works Kohalpur-12,Banke | 45 days | 7,68,863.95 | 20,000.00 | 1000.00 | |

Further Information to bidders;

| | |
|---|---|
| Last date and time of Bid Submission | 2078/10/28 ( Feb-11-2022 ) ( upto 12:00 Noon) |
| Date, Time and Place of Bid Opening | 2078/10/28 ( Feb-11-2022 ) ; at 1:00 PM, At Kohalpur Municipality Office,Kohalpur , Banke |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank,Kohalpur,Banke , AC.Name Kohalpur Nagarpalika aantarik Rajaswa Khata 0720501000235365 |
| Account No. for Bid Security Deposit | The Bidder shall furnish a bid security, from commertial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank , Kohalpur Branch, Account Number : 0720501000235217 |

1. Bidders shall submit their Bids e-copy only . For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Kohalpur Municipality Office, Kohalpur ,Banke Contact No: 081-540318
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

# मरिससविरुद्ध नेपालको टिम घोषणा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ माघ

नेपालले अफ्रिकी राष्ट्र मरिससविरुद्धको मैत्रीपूर्ण खेलका लागि राष्ट्रिय फुटबल टिमको घोषणा गरेको छ। नेपाली राष्ट्रिय टिमका मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताईरीले बुधबार दुई खेलका लागि टिम घोषणा गरेका हुन्।

मुख्य प्रशिक्षक अल्मुताइरीले दुई खेलका लागि बन्द प्रशिक्षणमा बोलाएका सबै ३४ खेलाडीलाई नै टिममा राखेका छन्। अल्मुताइरीले घोषणा गरेको टोलीमा विमल घर्तीमगर र जगजित श्रेष्ठले पुनरागमन गरेका छन्। विमल पहिलो र दोस्रो दुवै खेलका लागि टिममा परेका छन् भने जगजितलाई पहिलो खेलका लागि मात्र राखिएको छ।

टेकेन्द्र थापा, शत्रुघन चौधरी, सुदीप गुरुङ, कृतिसरत्न छुन्जु, प्रशान्त अवस्थी, आशिष राई, सुशील राई र आकाश बुढामगरले पहिलोपटक राष्ट्रिय टोलीमा स्थान बनाएका छन्। मोरिससविरुद्धको खेलका लागि अल्मुताइरीले पहिलो चरणमा ३७ खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएका थिए। आयुश घलानसहित तीन खेलाडी यसअघि नै टिमबाट बाहिरिएका थिए।



आउँदो शनिबार हुने पहिलो मैत्रीपूर्ण खेलका लागि अल्मुताइरीले २३ खेलाडीलाई टिममा राखेका छन्। जसमा जगजित श्रेष्ठ र विमल घर्तीमगरलले कमब्याक गरेका छन्। टेकेन्द्र थापा, सुदीप गुरुङ, कृतिसरत्न छुन्जु र आकाश बुढामगरले पहिलोपटक राष्ट्रिय टिममा स्थान बनाएका छन्।

दोस्रो खेलका लागि अल्मुताइरीले छुट्टै २३ सदस्यीय टोलीको घोषणा गरेका छन्। त्यसमा शत्रुघन चौधरी, प्रशान्त अवस्थी, सुशील राई र आशिष राईले पहिलोपटक टिममा मौका पाएका छन्। नेपालले मोरिसससँग यही माघ १५ र १८ गते अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्दै छ। त्यसका लागि मोरिसस टिम गएको सोमबार नेपाल आइपुगिसकेको छ। नेपाली टिमका कप्तान किरण चेम्जोङ पनि आजै माल्दिभ्सबाट नेपाल फर्किंदै छन्। नेपालले माल्दिभ्समा भएको साफ च्याम्पियनसिपपछि पहिलोपटक अन्तराष्ट्रिय मैत्रीपूर्ण खेल खेल्न लागेको हो।

पहिलो खेलका लागि नेपाली टिममा किरणकुमार लिम्बू, दीप कार्की, टेकेन्द्र थापा, गौतम श्रेष्ठ, दिनेश राजवंशी, देवेन्द्र तामाङ, सुमन अर्याल, सुरजजिउ ठकुरी, सुदीप गुरुङ, सुमन लामा, तेज तामाङ, विशाल राई, सुजल श्रेष्ठ, मनीष डाँगी, अञ्जन विष्ट, आशिष लामा, दर्शन गुरुङ, विमल घर्तीमगर, सुनील बल, नितिन थापा, आकाश बुढामगर, कृतिसरत्न छुन्जु र जगजित श्रेष्ठ रहेका छन्। त्यस्तै प्रशिक्षक अल्मुताइरीले दोस्रो खेलका लागि पहिलो खेलको टिममा ११ खेलाडी परिवर्तन गरेका छन्।

जसमा किरणकुमार लिम्बू, विशाल श्रेष्ठ, शत्रुघन चौधरी, गौतम श्रेष्ठ, दिनेश राजवंशी, देवेन्द्र तामाङ, सुमन अर्याल, सुरजजिउ ठकुरी, पुजन उपरकोटी, सुमन लामा, तेज तामाङ, नवीन गुरुङ, सुजल श्रेष्ठ, सुवास गुरुङ, अञ्जन विष्ट, आशिष लामा, विमल घर्तीमगर, अनन्त तामाङ, आशिष राई, एरिक विष्ट, सुशील राई, प्रशान्त अवस्थी र सन्तोष तामाङ रहेका छन्। नेपाल र मरिससबीचको खेलमा दर्शकलाई प्रवेश दिइने छ। अखिल नेपाल फुटबल संघ (एन्फा) ले सरकारले जारी गरेको स्वास्थ्य प्रोटोकलको पालना गर्दै एक तिहाइ दर्शकलाई मात्र अनुमति दिइने जनाएको छ। एन्फाले सामान्यतर्फ ५ सय र भीआईपीतर्फ १ हजारको टिकट दर राखेको छ। मरिससको टोली सोमबार नै नेपाल आइसकेको छ।

# नेपाल सुपर लिग चैतमा, १० टिम सहभागी हुने

**काठमाडौं/मस–** नेपालको पहिलो फ्रेन्चाइज फुटबल प्रतियोगिता नेपाल सुपर लिग (एनएसएल) को दोस्रो संस्करण आगामी चैतबाट शुरु हुने भएको छ।

आयोजक नेपाल स्पोर्ट्स म्यानेजमेन्टले बुधबार एक विज्ञप्ति निकाल्दै दोस्रो संस्करण चैत २६ देखि जेठ ७ गतेसम्म आयोजना गरिने जनाएको छ। आयोजकले नयाँ संस्करणमा तीन टोली थप गरिएको समेत जनाएको छ। पहिलो संस्करणमा ७ टोलीले प्रतिस्पर्धा गरेका थिए। दोस्रो संस्करणको प्रतियोगिता काठमाडौं र पोखरामा हुने आयोजकले जनाएको छ।

आयोजकले अर्को महिनाभित्र



३ नयाँ टोलीको टुंगो लाग्ने पनि जनाएको छ। पहिलो संस्करणको सफलतासँगै दोस्रो संस्करणका लागि नयाँ टोली खरिद गर्न कर्पोरेट हाउसहरुको उत्साह बढ्ने एनएसइएमले अपेक्षा राखेको जनाएको छ।

पहिलो संस्करणको एनएसएल आयोजना हुँदा कोभिडका कारण बन्द रंगशालामा गरिएको थियो। तर यो पटक दर्शकसहितको प्रतियोगिता गर्ने योजना आयोजकको छ। पहिलो संस्करणको एनएसएलमा सात टिमको सहभागिता रहेको थियो। जसमा विराटनगर सिटी एफसी, काठमाडौं रेजर्स एफसी, ललितपुर सिटी एफसी, एफसी चितवन, पोखरा थन्डर्स, बुटवल लुम्बिनी एफसी, धनगढी एफसी थिए।

जसमा धनगढी र काठमाडौं रेजर्सले फाइनल खेलेका थिए। जसमा काठमाडौंले एक शुन्यको जित निकाल्दै उपाधि जितेको थियो।

# एपीएफ आहा रारा गोल्डकपको फाइनलमा

**काठमाडौं/मस–** विभागीय टिम एपीएफ क्लब २० औं संस्करणको आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। बुधबार पोखरा रंगशालामा भएको पहिलो सेमिफाइनलमा मछिन्द्र फुटबल क्लबलाई ३-१ गोल अन्तरले हराउँदै एपीएफ फाइनलमा स्थान बनाउन सफल भएको हो।

एपीएफलाई जित दिलाउन सनिश श्रेष्ठले २५औं, प्रदिप लामाले ६९औं र नविन लामाले इन्जुरी समयमा गोल गरे। मछिन्द्रका ओमोलाजा करिमले ४०औं मिनेटमा एक गोल फर्काए। खेलको ७१ औं मिनेटमा करिमले दोहोरो पहेलो कार्डसहित रातो कार्ड पाएपछि मछिन्द्र १० खेलाडीमा समेटिएको थियो।



सुरुवातमा आक्रामक देखिएको मच्छिन्द्र विरुद्ध २५ औं मिनेटमा एपीएफले खेलमा अग्रता बनायो। उसका लागि मणि लामाको फ्रिकिकमा सनिश श्रेष्ठले हेडर गोल गर्न सफल भए। तर एपीएफको अग्रता धेरै बेर भने टिक्न सकेन। ३० औं मिनेटमा विदेशी खेलाडी ओमोलाजा करिमले गोल गर्दै खेल एक एक गोलको बराबरीमा पुर्‍याए। पहिलो हाफ एक एक गोलको बराबरी भएको खेलको ६९ औं मिनेटमा प्रदिप लामाले गोल गर्दै एपीएफलाई दुई एकको अवस्थामा पुर्‍याए। खेलको अन्तिममा मच्छिन्द्रले गोल फर्काउन निकै दबाव दिएपनि सफल भएन। ९० औं मिनेटमा एपीएफका अर्मान्ड बिडोङले गोलको उत्कृष्ट मौका गुमायो। खेलको इन्जुरी समयमा एपीएफले खेल तीन एकमा पुर्‍यायो। उसका लागि मच्छिन्द्रको डिफेन्सको कमजोरीका कारण नविन लामाले खाली पोष्टमा गोल गर्न सफल भए। एपीएफ १४ वर्षपछि आहा राराको फाइनलमा पुगेको हो। अब एपीएफले फाइनलमा मनाङ मर्स्याङ्दी क्लब र त्रिभुवन आर्मी क्लबबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ। सहारा क्लब पोखराको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले १० लाख १ हजार र उपविजेता टिमले ५ लाख १ हजार प्राप्त गर्ने छ। यस वर्ष पनि स्वर्गीय सूर्यबहादुर केसीको स्मृतिमा उत्कृष्ट ५ विधाको पुरस्कार पनि प्रदान गरिने छ।

# हरि खड्काविरुद्ध मुद्दा

**काठमाडौं/मस–** नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्व कप्तान तथा हाल महिला विभाग प्रमुख हरि खड्काविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ।

नेपालका सर्वाधिक गोलकर्ता समेत रहेका खड्कामाथि नक्कली शैशिक योग्यताको प्रमाणपत्र पेश गरेको आरोप छ। अख्तियारका सहायक प्रवक्ता वेदप्रसाद भण्डारीले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा बुधबार नै विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको उल्लेख छ।

अखिल नेपाल फुटबल संघ (एन्फा) का महिला विभाग प्रमुख रहेका खड्काले प्रहरी सहायक निरीक्षक पदमा नियुक्त हुँदा शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र पेश गरेको अख्तियारले जनाएको छ।

जसका कारण उनीविरुद्ध नेपाल सरकारलाई हानी नोक्सानी पुर्‍याई, आफुलाई समेत लाभ हुने बदनियत राखी गरेको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा १ अनुसार कसुर गरेको प्रमाण पुष्टि हुन आएको हुँदा नेपाल प्रहरीका पूर्व प्र.ना.नि. हरी खड्कालाई साविक भ्रष्टाचार निवारण ऐन र प्रचलित भ्रष्टाचार निवारण ऐन बमोजिम दण्ड सजाय हुन माग दावी लिइ कारवाहीका लागि मुद्दा तर्दा गरेको जनाएको छ। खड्का नेपाली राष्ट्रिय महिला फुटबल टिमका पूर्व प्रशिक्षक समेत हुन्।




**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/१२/०९ मा दर्ता भएको प्रा.लि. नं. १५०५६३ को **जनोपयोगी मल्टिपर्पोज इन्भेष्टमेन्ट प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०४/२९ मा दर्ता भएको प्रा.लि. नं. ९५९८२ को **भुवनेश्वरी बस्ती विकास कम्पनी प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**Shree Secondary School, Ladavir**
**Office of the School Executive**
**Dudhauli, Sindhuli**

**INVITATION FOR THE BIDS**

Date of publication: December 27th Jan, 2022 (2078/10/13)

Shree Secondary School, ladavir Office of the School Executive invites sealed bids from eligible bidders under National Competitive Bidding - Single Stage Single Envelope and Single Stage Single Envelope Bidding procedures.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Estimated Cost (with VAT & PS) | Last date of Bid purchase and Submission |
|---|---|---|---|---|---|---|
| 1. | SMB-01-078/79 | Construction of Boys Hostel at Ladavir | 68,000.00 | 3,000.00 | 27,56,128.69 | 2078/11/15 on or Before 12:00 PM |

1. Under the Single Stage, single Envelope Procedure, Bidders are required to submit sealed envelopes in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shree Secondary School, Ladavir, Dudhauli, Sindhuli, Email: ladavirmavi2015@gmail.com, Phone no. +977-9843499325 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be Downloaded and submit their bid electronically as mentioned below or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Saving account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank** : Rastriya Banijya Bank Limited, Sindhuli Branch, Sindhuli.
   **Name of Office** : Shree Secondary School, Ladavir.
   **Office Account no.** : 1060100002028001
4. Pre-bid meeting shall not be held.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm on 2078/11/15 (6th March , 2022) at the office of Shree Secondary School, Ladavir Dudhauli-05, Sindhuli. Bids must be valid for a period of 90 (Ninety) after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid in Office Account as stated above.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Dudhauli Municipality Office, Dudhauli, Sindhuli, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. In case of discrepancy or error in Tender notice, bid document and other document of above Projects reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the Shree Secondary School, Ladavir, Dudhauli, Sindhuli.
9. Hard Copy of Bid should not be obtained or submitted to Shree Secondary School, Ladavir Office.

**Administrative Officer**



**Province Government**
**Lumbini Province**
**Ministry of Physical Infrastructure Development**
**Road Infrastructure Directorate**
**Road Infrastructure Development Office,**
**Rukum East, Nepal**

**Invitation for Bids**

**(First date of Publication: 13th Magh, 2078 (2022-01-27)**

1. Province Government Lumbini Province has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for construction and maintenance of roads under Sealed Quotation (SQ).
2. Road Infrastructure Development Office, Rukum (east) invites **only electronic bids** from eligible bidders for the construction of the contract mentioned in table below:

**Details of the contracts:-**

| S.N. | Name of Works | Contract ID | Estimated Amt. without VAT (Inclusive of P.S.) | Bid Doc. Fees Nrs. | Bid Security Amt.NRs |
|---|---|---|---|---|---|
| 1. | Construction of Garali chuma padmarg, puthauttarganga-8 | RIDO/RUK/W/Ro/SQ/26/078-79(Re-Notice) | 1,283,493.26 | 1,000 | 33,500.00 |
| 2. | Maintenance of Pipal pokhara dhaka dading sadak | RIDO/RUK/W/Ro/SQ/27/078-79(Re-Notice) | 1,283,083.21 | 1,000 | 33,500.00 |
| 3 | Maintenance of Rukumkot Dhaunne Road. | RIDO/RUK/W/Ro/SQ/29/078-79(Re-Notice) | 1,295,707.39 | 1,000 | 34,000.00 |
| 4 | Maintenance of Chunbang Korja Mahat Road. | RIDO/RUK/W/Ro/SQ/34/078-79(Re-Notice) | 1,592,879.81 | 1,000 | 42,000.00 |
| 5 | Maintenance of Dharmashala Laawang Vitraban Road | RIDO/RUK/W/Ro/SQ/35/078-79(Re-Notice) | 1,713,530.66 | 1,000 | 45,000.00 |

4. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulations will be uploaded in E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp. and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
5. For further information visit PPMO´s website http://www.bolpatra.gov.np/egp.

गो.हु.का.द.नं. ३३/०६९/०७०





साग बेच्दै महिला
महोत्तरीको सदरमुकाम जलेश्वरको मीना बजारमा साग बेच्दै महिला व्यापारी । तस्बिर : सञ्जीतकुमार मण्डल/रासस

# भूगर्भ विभागका महानिर्देशकसहित १८ विरुद्ध मुद्दा दायर

**काठमाडौं/रासस** – अख्तियार दुरुपयोग अनुसन्धान आयोगले खानी तथा खानिजन्य सामग्रीमा चरम भ्रष्टाचार गरेको अभियोगमा खानी तथा भूगर्भ विभागका महानिर्देशकसहित १८ जनाबिरुद्ध माघ ११ गते विशेष अदालतमा मुद्दा दायर गरेको छ । खानी तथा भूगर्भ विभागका तत्कालीन उपमहानिर्देशक एवम् हालका महानिर्देशक रामप्रसाद घिमिरेको नेतृत्वमा गठित तीन सदस्यीय समितिले विभिन्न नौ वटा सिमेन्ट उद्योगले खानी दोहन गरी उत्खनन् अनुमतिमा तोकिएको भन्दा बढी चुनढुङ्गा निकालेको भन्ने विषयमा भएको छानबिनअनुसार एक अर्ब २६ करोड १९ लाख ४८ हजार क्षतिपूर्ति उठाउनुपर्नेमा छुट दिइएको पाइएको छ ।



सिमेन्ट तथा चुनढुङ्गा कम्पनीबाट क्षतिपूर्ति नलिई केवल १८ लाख मात्रै जरीवाना गराई राज्यलाई अर्बौंको राजस्व घाटा गराई भ्रष्टाचार गरेको पाइएको आयोगका सहायक प्रवक्ता वेदप्रसाद भण्डारीले जानकारी दिनुभयो । बदनियत पूर्वक गठन गरिएको जयराज घिमिरे संयोजकत्वको छानबनि समितिका आधारमा सरकारलाई राजस्व हानी नोक्सानी गराई निजी कम्पनी तथा उद्योगलाई फाइदा पुग्ने काम गरेको पाइएको छ । वार्षिक स्वीकृत क्षमताभन्दा बढी माइनिङ स्किममा आव ०७४/७५ र आव ०७५/७६ को तोकिएभन्दा बढी उत्खनन् गरेको आयोगको अध्ययनमा देखिन्छ । अधिक चुनढुङ्गा उत्खनन् गर्ने सर्वोत्तम सिमेन्ट, सिद्धार्थ मिनरल्स प्रालि, मारुती सिमेन्ट, अन्नपूर्ण क्वेरिज, उदयपुर मिनरल्स, युनाइटेड सिमेन्ट, सोनापुर मिनरल्स, कञ्चन क्वेरिज, डोलोमाइट चुनढुङ्गा प्रालि लगायत छन् । ती नौ कम्पनीलाई वार्षिक प्रति आवमा एक लाखका दरले मात्रै जरिवाना लिने गरी विभागीय निर्णय गरी क्षतिपूर्ति उठाउने कानूनी कर्तव्यबाट बिमुख भई सामान्य जरिवाना मात्रै गराएको आयोगको ठहर छ । विभागको निर्णयबाट सरकारले एक अर्ब २४ करोड ४५ लाख २६ हजार ६ सय ४३ बराबरको हानी नोक्सानी व्योहोर्नु परेको छ । आयोगले तत्कालीन खानी तथा भूगर्भ विभागका सुपरिटेन्डेन्ड माइनिङ इन्जिनियर जयराज घिमिरे, उपसचिव कानून सपना अधिकारीबिरुद्ध एक अर्ब २४ करोड ४५ लाख २६ हजार ६ सय ४३ बराबरको बिगो दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

यस्तै, उपन्यायाधिवक्ता चन्द्रकुमार पोखरेल, सिनियर डिभिजन मेकानिक इन्जिनियर प्रशान्त बोहोरा, सिडिजी धर्मराज खड्का, लेखा अधिकृत श्रीभद्र गौतम, रिसर्च अधिकृत वसन्त अधिकारी र जियोलोजिष्ट डा सैनिक भण्डारीबिरुद्ध भ्रष्टाचार निवारण ऐनको दफा १९ बमोजिम कारवाहीको माग दाबी गरिएको छ । यस्तै तोकिएको मापदण्ड पूरा नगरी चुनढुङ्गा निकालेको, वातावरण संरक्षण नगरेको लगायतका कसुरका आधारमा नौ सिमेन्ट कम्पनीका सञ्चालनबिरुद्ध पनि आयोगले मुद्दा दायर गरेको छ । आयोगले सर्वोत्तम सिमेन्टका सञ्चालक विष्णुप्रसाद न्यौपानेबिरुद्ध १६ करोड ३१ लख ८१ हजार ६ सय १६, सिद्धार्थ मिनरल्स प्रालिका सञ्चालक पशुपति मुरारकाबिरुद्ध ४९ करोड ४५ लाख ५१ हजार ६ सय ४५ बराबरको बिगो दाबी गरेको छ ।

मारुती सिमेन्टका सञ्चालक शरद गोगलबिरुद्ध २० करोड ५० लाख ६५ हजार ५ सय ७५, अन्नपूर्ण क्वेरिजका सञ्चालक ऋषी अग्रवालबिरुद्ध ११ करोड १७ लाख २५ हजार ७ सय ५७ बराबरको बिगो माग दाबी गरिएको छ । यस्तै, उदयपुर मिनरल्सका सञ्चालक प्रवलजङ्ग पाण्डेबिरुद्ध एक करोड ७९ लाख ७१ हजार ७ सय ७६, युनाइटेड सिमेन्टका सञ्चालक नरेश दुगडबिरुद्ध नौ करोड ६९ लाख ४० हजार ५ सय, सोनापुर सिमेन्टका सञ्चालक निपेश तायलबिरुद्ध ६ करोड ९८ लाख ९९ हजार ४ सय १५, कञ्चन क्वेरिजका सञ्चालक भीमबहादुर थापा क्षेत्रीबिरुद्ध तीन करोड आठ लाख ६९ हजार १ सय ५९ र डोलोमाइट चुनढुङ्गा उद्योगका सञ्चालक मानबहादुर श्रेष्ठबिरुद्ध पाँच करोड ४३ लाख २१ हजार २ सय बराबरको बिगो दाबी मुद्दा दायर गरिएको आयोगका सहायक प्रवक्ता भण्डारीले जानकारी दिए ।

# विकास बैंकको नाफामा दोब्बर वृद्धि

## मुक्तिनाथको नाफा घट्यो

**नारायण अर्याल/मध्याह्न**
काठमाडौं, १२ माघ

आठ वटा विकास बैंकहरुले चालु आव ०७८/०७९ को दोस्रो त्रैमास वित्तीय रिपोर्ट प्रकाशित गरेका छन् । चालु आवको साउनदेखि पुस मसान्तसम्म ६ महिनाको वित्तीय रिपोर्ट सार्वजनिक गरेका बैंकहरूले सो अवधिमा ३ अर्ब २० करोड २७ लाख ४४ हजार रुपैयाँ खुद नाफा कमाएको देखिएको छ । जुन नाफा अघिल्लो आर्थिक वर्षको सोही अवधिको भन्दा १४ दशमलव ४६ प्रतिशतले बढी हो ।

| क्र.स | बैंक | आ.व २०७८/७९ | आ.व २०७७/७८ | थप/घट (प्रतिशत) |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ विकास बैंक | ६०,२४,०६ | ६१,५५,७३ | -२.१४ |
| २ | गरिमा विकास बैंक | ४९,२९,५३ | ३९,३५,९० | २५.२५ |
| ३ | महालक्ष्मी विकास बैंक | ४५,६२,९२ | ३४,६८,७१ | ३१.५१ |
| ४ | लुम्बिनी विकास बैंक | ३५,१७,४४ | २६,१८,८५ | ३४.३१ |
| ५ | साइन रेसुङ्गा डेभलपमेन्ट बैंक | ३४,८८,३० | २६,११,११ | ३३.५९ |
| ६ | ज्योति विकास बैंक | ३४,४०,१६ | ३०,५५,९९ | १२.५७ |
| ७ | कामना सेवा विकास बैंक | ३४,३६,८१ | ३९,००,४७ | -११.८९ |
| ८ | सांग्रिला डेभलपमेन्ट बैंक | २६,२८,२२ | १६,४८,०५ | ५९.४७ |
| जम्मा | | ३,२०,२७,४४ | २,७३,१४,८१ | १४.४६ |

राष्ट्रिय स्तरका ८ वटा विकास बैंकको वित्तीय रिपोर्ट अनुसार चालु आर्थिक वर्षको ६ महिनामा ६ वटा विकास बैंकको नाफामा वृद्धि भएको छ । तर २ वटा विकास बैंकको नाफा भने रोकिएको देखिएको छ । जसमध्ये मुक्तिनाथ विकास बैंक र कामना सेवा विकास बैंकको नाफा अघिल्लो आवको तुलनामा कम भएको छ । चालु आवको सो अवधिमा मुक्तिनाथ र कामनाको नाफा क्रमशः २.१४ प्रतिशत र ११.८९ प्रतिशतले घट्न पुगेको छ । मुक्तिनाथले गत आवको सोही अवधिमा ६१ करोड ५५ लाख ७३ हजार रुपैयाँ खुद नाफा कमाएको थियो, तर चालु आवको ६ महिनामा सो बैंकले यस वर्ष २ दशमलव १४ प्रतिशतले नाफा गुमाउँदै ६० करोड २४ लाख ६ हजार रुपैयाँ नाफा कमाएको देखिएको छ । त्यस्तै कामना सेवा विकास बैंकले अघिल्लो वर्ष ३९ करोड ४७ हजार रुपैयाँ खुद नाफा कमाएको थियो । तर सो बैंकले चालु आवको ६ महिनामा ११ दशमलव ८९ प्रतिशतले नाफा गुमाउँदै ३४ करोड ३६ लाख ८१ हजार रुपैयाँ कमाएको छ ।

## सांग्रिला डेभलपमेन्ट बैंकको अप्रत्यासित नाफा

चालु आवको समीक्षा अवधिमा सांग्रिला डेभलपमेन्ट बैंकले अप्रत्यासित नाफा कमाउन सफल भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षको छ महिनामा सांग्रिला डेभलपमेन्ट बैंकले आफ्नो नाफामा ५९ दशमलव ४७ प्रतिशतले वृद्धि गर्न सफल भएको तथ्यांकले देखाएको छ । अघिल्लो वर्षमा सांग्रिलाले कुल १६ करोड ४८ लाख ५ हजार रुपैयाँ खुद नाफा कमाएको थियो । बैंकले यस वर्ष ५९ दशमलव ४७ प्रतिशतले नाफा वृद्धि गर्दै कुल २६ करोड २८ लाख २२ हजार रुपैयाँ खुद नाफा कमाउन सफल भएको छ । यस्तै समीक्षा अवधिमा बैंकले वितरणयोग्य नाफासमेत अधिकतम १ सय १८ दशमलव ७० प्रतिशतले वृद्धि गरी १८ करोड ४ लाख २६ हजार रुपैयाँ पुर्याएको छ । सो अवधिमा बैंकले ४६ दशमलव ८१ प्रतिशतले ब्याज आम्दानी बढाएर ७९ करोड ५८ लाख ८३ हजार रुपैयाँ कमाउन सफल भएको छ । बैंकको प्रतिसेयर आम्दानी ४ दशमलव ७४ प्रतिशतले बढेर १७ रुपैयाँ १२ पैसा पुगेको छ ।

# राष्ट्रिय वाणिज्य बैंकमा २ लाख रुपैयाँसम्म निकाल्न चेक नचाहिने

**काठमाडौं/मस-** राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा २ लाख रुपैयाँसम्म निकाल्नका लागि चेक तथा एटिएम कार्ड नचाहिने भएको छ। बैंकले चेक बिनै क्यूआरमार्फत २ लाख रुपैयाँसम्मको नगद भुक्तानी गरिदिने भएको हो । बैंकले ५७ औं वार्षिकोत्सवको अवसरमा स्मार्ट क्यूआर टेलर सेवा लागु गरेको छ । बैंकले आफ्ना ग्राहकहरुलाई सर्वसुलभ रुपमा डिजिटल बैंकिङ सेवा प्रदान गर्न यो सुविधा शुरु गरिएको बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले जानकारी दिए ।

बैंकले मोवाइल बैंकिङ सुबिधा लिइएका ग्राहकहरुले आफ्नो मोवाइलबाट बैंक काउण्टरमा उपलब्ध क्यूआर स्क्यान गरी दुई लाख रुपैंयासम्मको नगद भुक्तानी लिन सक्नेछन् । यो सुविधा सबै शाखा कार्यालयहरुको काउण्टरमा उपलब्ध हुने बैंकले जनाएको छ । योसँगै अब सिमित कारोबरको लागि बैंकमा चेक बोकेर जानु पर्दैन ।



बैंकले इन्टरनेट नभएको स्थानमा पनि मोवाइल बैंकिङको कार्य गर्न सक्ने गरी अनस्ट्रक्चर्ड सप्लिमेन्टरी सर्भिस डाटा सेवाको गत माघ १० गतेबाटै शुभारम्भ गरेको छ । हाल देशभर बैंकको २ सय ५८ वटा शाखा कार्यालय, २ सय ४५ वटा एटिएम, ४१ स्थानमा एक्सटेन्सन काउण्टर, ९८ स्थानमा शाखारहित बैंकिंङ्ग सेवा संचालनमा रहेका छन्।

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# क्रिप्टोकरेन्सी कारोबार नगर्न बैंकर्स संघको आग्रह

**काठमाडौं/मस** - वाणिज्य बैंकहरुको छाता संगठन नेपाल बैंकर्स संघले क्रिप्टो, भर्चुअल करेन्सी तथा नेटर्वक मार्केटिङ कारोबार/व्यवसाय गैरकानुनी भएको जनाएको छ । संघले आज एक सूचना जारी गर्दै नेपालमा भर्चुअल करेन्सी तथा नेटवर्किङ कारोबार गैरकानुनी रहेको भन्दै त्यसको कारोबार नगर्न आग्रह गरेको हो । संघले त्यस्तो कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने जनाएको छ । 'नेपालमा विदेशी विनिमय वा मुद्राका रुपमा क्रिप्टो/भर्चुअल करेन्सीले मान्यता नपाएको सन्दर्भमा क्रिप्टो/भर्चुअल तथा नेटर्वक मार्केटिङलगायतका गैरकानुनी



वित्तीय औजारमा आवद्ध भई कारोबार गर्दा सर्वसाधारण ठगिने, अवैधानिक तरिकाले रकम बाहिरिई स्वदेशी पूँजी पलायन हुने भएकोले त्यस्ता कारोबार तथा व्यवसायमा संलग्न भई नेपालभित्र बसोबास गर्ने नेपाली तथा विदेशी नागरिक र विदेशमा बस्ने नेपाली नागरिक समेतले त्यस्तो कार्य गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ', संघले जारी गरेको सूचनामा भनिएको छ ।

यही माघ ९ गते नेपाल राष्ट्र बैंकले समेत भर्चुअल करेन्सी तथा नेटवर्किङ कारोबारमा संलग्नलाई कारबाही गर्ने चेतावनी दिएको थियो । पछिल्लो समय नेपालमा गैरकानुनी मानिएको क्रिप्टोकरेन्सी तथा पिरामिडमा आधारित नेटवर्किङ हाइपर फन्ड, जोसियल, क्राउडवान, सोलम्याक्स ग्लोबलजस्ता नेटवर्किङ कारोबार भइरहेको जनाइएको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।

हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**